महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

फालेलुङ्ग गाउँपालिका

पाँचथर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

फालेलुङ्ग गाउँपालिका

पाँचथर



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

पाँचौं वार्षिक प्रतिवेदन

२०७९

फालेलुङ्ग गाउँपालिका

पाँचथर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(कोशी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १३७

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
फालेलुङ गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय,
पाँचथर ।

१. **कैफियतसहितको राय** - हामीले फालेलुङ गाँउपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ९ करोड ९५ लाख २८ हजार बेरुजु देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १ करोड १४ लाख ९३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७ करोड ९४ लाख ९१ हजार, नियमित गर्नुपर्ने रु ८५ लाख ४४ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ७ करोड ८२ लाख ९८ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु १७ करोड ७२ लाख १७ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

फालेलुङ गाँउपालिका, पाँचथर

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
३९	५०	९९५२८	०	०	०	३९	५०	९९५२८	११४९३	८५४४	७९४९१	०	०	८८०३५	०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
प्रतिकृयाबाट बेरुजु नहटेको			

२. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
फालेलुङ गाँउपालिका पाँचथर	७८२९८	०	६०९	७७६८९	०	९९५२८	१७७२१७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : फालेलुङ गाउँपालिका, पाँचथर , फालेलुङ गाउँपालिका , पाँचथर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	बिनोद कुमार चौहान	२०७६-१०-१२	हाल सम्म कार्यरत
लेखा प्रमुख	मनिराज चङबाङ	२०७८-९-१५	हाल सम्म कार्यरत
		बेरुजु रकम	९९,५२७,७५७.२७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२,४०,६६,१५६.३९	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३८,७४,५०,९४३.९४	**चालु खर्च**	३२,३०,८०,९६६.८८
प्रदेश सरकारबाट अनुदान	३,१५,५५,८६५	**पूँजीगत खर्च**	१७,१८,६४,४४७
राजश्व बाँडफाँट	७,७६,५८,४४७.१५	**वित्तीय/अन्य व्यवस्था**	१४,२०,२०,९५६
आन्तरिक आय	३३,३२,३१६		
अन्य आय	१४,१७,७३,८४९.२४		
कुल आय	६४,१७,७१,४२१.३३	**कुल खर्च**	६३,६९,६६,३६९.८८
बाँकी मौज्दात		२,६८,४४,२९४.४५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**लेखापरीक्षण पद्दतीः** महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी यस गाउँपालिकाको आर्थिक बर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । स्रेस्ताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः-	
२			**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस याङ्वरक गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व, समन्वयलाई प्रवर्द्धन गर्नु, स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४२ सभा सदस्य, २०७.१४ वर्ग किलोमिटर क्षेत्रफल तथा २०७८ को प्रारम्भिक जनगणना अनुसार यस पालिकाको जनसंख्या २० हजार ५३१ रहेको छ ।	
३			**लेखापरीक्षणको क्रममा असुलीः** लेखापरीक्षणको क्रममा शिक्षकको बढि तलब भत्ता भुक्तानी तथा बिभिन्न विद्यालयको गाउँपालिकाले स्थानीय स्रोतबाट भुक्तानी गर्नु पर्ने शिक्षकको तलब भत्ता रकम शसर्तबाट भुक्तानी भएको र बढि तलब भत्ता भुक्तानी रकम सहित रु ५८०६९३८.०० असुल भई दाखिला भएको छ ।	
४			**पेश्की रकमको उपयोगः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क (३) अनुसार पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी हुने र दफा ५२क (५) अनुसार पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी निर्माण व्यवसायीले कार्यालयलाई उपलब्ध गराउनुपर्ने व्यवस्थाको पालना भएको छैन । कार्यालयले बाँकी पेश्कीको हकमा सो व्यवस्थाको पालना गरी पेश्की अन्यत्र प्रयोग गरेको भए सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) अनुसार ब्याजसमेत लगाई पेश्की फर्छ्यौट गर्नुपर्दछ ।	
५			**पारित बजेट भन्दा बढिको अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था भए	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अनुसार रु. ४६ करोड १५ लाख ४१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा पेस भएको बजेट सोहि मितिमा पारित भएको देखियो । पारित बजेट बराबरकै खर्च गर्ने अख्तियारी गाउँपालिका अध्यक्ष्यले प्रमुख प्रशासकिय अधिकृतलाई दिनु पर्नेमा गाउँपालिका अध्यक्षले सुत्र प्रणालीबाट जारी भएको रु ५७ करोड ५३ लाख २६ हजारको मिति नभएको अख्तियारी पत्रबाट प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ । गाउँपालिका अध्यक्षले रु ५७ करोड ५३ लाख २६ हजार ४१३ को खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृतलाई दिएको पाईयो । यसरी गाउँसभाबाट सर्व सम्मतिले पारित गरेको वजेट भन्दा रु ११ करोड ३७ लाख ८५ हजार ४१३ बढि हुने गरि खर्च गर्न अख्तियारी दिने कार्यमा नियन्त्रण गरि बास्तविक वजेट अनुसारको खर्च गर्ने अख्तियारी दिनु पर्दछ ।	
६			**वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । यस पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।	
७			**घटी अल्या सारेकोः** गाउँपालिकाले आफ्नो आर्थिक ऐनले तोके अनुसारको बजेटको अधिनमा रहि सोहि ऐनले तोकेको क्षेत्रमा खर्च गरि बाँकी रहेको रकम स्थानीय संचित कोष दाखिला गर्नु पर्दछ । गाउँपालिकाको गत आर्थिक वर्ष २०७८।७८ को बाँकी रहेको बैंक मौज्दात रु २४०६६१६६.३९ मध्ये रु २२०३९२४३.०० मात्र अल्या गरेको छ । यो आर्थिक वर्षको कारोवार सुरु हुनु भन्दा अगाडी गत वर्ष बाँकी रहेको सम्पुर्ण बैंक तथा नगद मौज्दातलाई सुरुमा आम्दानी बाँधि सो भन्दा पछाडी अन्य आम्दानी जनाउनु पर्नेमा बाँकी रहेको मौज्दात भन्दा घटी अल्या गरेको छ । गाउँपालिकाले घटी अल्या आम्दानी गरेको कारण यस वर्षको आर्थिक विवरणले सहि र यथार्थ विवरण दिएको भन्न सकिने अवस्था देखिदैन । गाउँपालिकाले गत वर्षको भन्दा रु २०२६९१३.३९ घटी अल्या गरेको रकम आम्दानी जनाई हिसाव मिलान गर्नु पर्ने रु	२,०२६,९१३.३९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चः स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाँउपालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><td>मुख्य क्षेत्र</td><td>वार्षिक वजेट</td><td>खर्च रकम</td><td>कुल खर्च मध्ये प्रतिशत</td></tr>
<tr><td>आर्थिक विकास</td><td>९२१५३०००.</td><td>६५६७१९७७.४५</td><td>७१.२३</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२४९८६४०००</td><td>२३४७३५४४२.२१</td><td>९३.९५</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१३२४८०८००</td><td>१०१५९२७३७</td><td>७६.६८</td></tr>
<tr><td>सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र</td><td>५२२९०००</td><td>५०१०५४३</td><td>९५.८</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>९५५९९६१३</td><td>८७९५४७१४.२२</td><td>९२.</td></tr>
</table></td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>चौमासिक खर्चः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयार पारि केन्द्रिय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले स्वीकृत कार्यक्रम अनुसारको खर्चको स्थिति चौमासिक रुपमा उपलव्ध गरएको छ । पालिकाले उपलव्ध गराएको चौमासिक खर्चको स्थिति विश्लेषण गर्दा निम्न अनुसार अन्तिम चौमासिकमा एवं विशेष गरी आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">कुल खर्च</td><td colspan="2">चौमासिक खर्चको विवरण</td><td></td><td rowspan="2">आषाढ महिनाको खर्च</td></tr>
<tr><td>प्रथम</td><td>दोस्रो</td><td>तेस्रो</td></tr>
<tr><td>चालु तर्फ</td><td>३२३०८०९६६.८८</td><td>७५१८०७१०.८८</td><td>७७२२७७१८</td><td>१७०६७२५३८</td><td>९०७१०६४९</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पुँजिगत तर्फ | १७१८६४४४७ | १७९४६५२७ | ६२१३३६३३ | ९१७८४२८७ | ३७०५१५४५	
१०			**अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षान्तमा खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा संघीय सरकारतर्फ रु. ३३५०७०५९.७९ र प्रदेश सरकारतर्फ रु. १३२१५१३५.०० अनुदान खर्च नभई बाँकी रहेको रकम मिति २०७९।०३।३० मा संघीय र प्रदेश संचितकोष फिर्ता गरेको देखियो । आर्थिक वर्षको अन्त्यमा नै यस्तो बाँकी रकम फिर्ता गर्ने कार्यलाई कार्यालयले निरन्तरता दिनु पर्दछ	
११			**सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाँउपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाँउपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस गाँउपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ । क्र.सं. | विवरण | प्राप्त निवेदन | सिफारिस संख्या १ | जन्म र मृत्यू दर्ता | १६० | १६० ६ | नाता प्रमाणित | ५०५ | ५०५ ७ | घरबाटो सिफारिस | ३५० | ३५० ८ | नागरिकता सिफारिस | ५२० | ५१५ ९ | अन्य | १०० | १००	
१२			**न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फछ्र्यौट विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेकोमा यस बर्ष विभिन्न विषयका ११ वटा विवाद दर्ता भएकोमा ९ वटा फछ्र्यौट भईसकेको, २ वटा फस्योंट गर्न बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>कर्मचारी व्यवस्थाः निजामति सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्दछ । गाँउपालिकाबाट प्राप्त विवरण अनुसार विभिन्न पद र श्रेणीका गरी ९८ जनाको दरबन्दी स्वीकृत भएकोमा २४ मात्र पद पूर्ति भएको पाईयो । साथै कार्यालयमा रिक्त पदमा करार सेवा मार्फत ६४ कर्मचारी भर्ना गरि जिम्मेवारी दिएको पाईयो । गाउँपालिकामा दरवन्दी अनुसार निजामति सेवा ऐन तथा नियमावली अनुसार कर्मचारीको नियुक्ती र पदपुर्ति हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>म्याद नाघेको पेश्की- आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ वमोजिम मोविलाइजेशन पेश्की वापत आयोजनाले देहायको कार्यक्रमको लागि रु १७०००००।०० उपलव्ध गराएकोमा आर्थिक वर्ष समाप्त भएकोमा समेत पेश्की फस्योंट हुन सकेको देखिएन । निम्नानुसारको पेश्की आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम फछ्र्यौट हुनुपर्ने रु

<table>
<tr><th>सि.नं.</th><th>फर्मको नाम</th><th>पेश्कीको उद्धेश्य</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गणेशमान सिंह स्वास्थ्य सहकारी सस्था</td><td>सिदिन सामुदायिक क्लब एम्बुलेन्स खरिद</td><td>७०००००</td></tr>
<tr><td>२</td><td>सामुदायिक स्वास्थ्य ईकाई-४</td><td>स्वास्थ्य सेवा केन्द्र भवन निर्माण</td><td>१००००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१७०००००</td></tr>
</table></td><td>१,७००,०००</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>म्याद ननाघेको पेश्की- आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ वमोजिम मोविलाइजेशन पेश्की वापत आयोजनाले देहायको निर्माण व्यवसायीलाई रु २१४५००५७।०० उपलव्ध गराएकोमा म्याद बाँकी रहेको निम्नानुसारको पेश्की आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम फछ्र्यौट हुनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं.</td><td>फर्मको नाम</td><td>पेश्कीको उद्धेश्य</td><td>रकम</td></tr>
<tr><td>१</td><td>खानी एपेक्स कुंवर जे.भी.</td><td>५ शैया अस्पताल निर्माण</td><td>१८००८९००</td></tr>
<tr><td>२</td><td>खानी एपेक्स मिसन जे.भी.</td><td>प्रशासकिय भवन निर्माण</td><td>३४४११५७</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२१४५००५७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>स्थानीय तह विविध कोष खाताको रकम सुत्र प्रणालीमा प्रविष्ट नगरेकोः

स्थानीय तहले संचालन गरेका सम्पुर्ण खाता तथा कोषको विवरण Sub-National Treasury Regulatory Application (SuTRA) प्रणालीमा प्रविष्ट गर्नु पदर्छ । पालिकामा संचालित कोषको विवरण सुत्र प्रणालिमा प्रविष्ट नभएमा सुत्र प्रणालीबाट प्राप्त वित्तिय विवरण र प्रतिवेदनले सहि र निष्पक्ष प्रतिफल दिन सक्दैन । यस गाउँपालिकामा संचालनमा रहेको स्थानीय तह विविध कोष खाता हाल सम्म पनि सुत्र प्रणालीमा प्रविष्ट गरेको पाईएन । सो कोषमा आर्थिक वर्षको अन्त सम्ममा रु १२६५९३९.०० मौज्दात रहेको छ । पालिकाले सो मौज्दात रकम सुत्र प्रणालिको मौज्दातमा रमावेश नगरेको कारण पालिकाको बैंक मौजदात घटि देखिन आएको छ । पालिकाले स्थानीय तह विविध कोष खाता सुत्र प्रणालिमा समावेश गरि वित्तिय विवरणको हिसाब मिलान गर्नु पर्ने देखिएको रु</td><td>१,२६५,९३९</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			•अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । •स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । •स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । •दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । •गाउँपालिकाले सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामान वितरण गरेको पाईयो । •वडा कार्यालय तथा विषयगत शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । •वडा कार्यालयमा वडा बजेटबाट खरिद गरेका जिन्सी सामानहरुको छुटै जिन्सी खाता राख्ने गरेकोमा जिन्सी दाखिला प्रतिवेदनमा कतिपय वडाहरुले जिन्सी खाता पाना नम्बर उल्लेख गर्ने गरेको देखिएन । •जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । ल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन । •कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । •सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। •ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। •स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, 2049 अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेको पाईयो । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • गाउँपालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको देखिएन। • गाउँपालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने नगरेको । • गाउँपालिका अध्यक्षले पालिका क्षेत्र भन्दा बाहिर ३ दिन भन्दा बढी अवधीको भ्रमण आदेश नगर कार्यपालिका बैठकबाट स्वीकृत वा अनुमोदन नगराई आफैले स्वीकृत गर्ने गरेको। • भ्रमण खर्चको विलसाथ भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको । • भ्रमण आदेशमा स्पष्ट काम नखुलाई कार्यालय सम्बन्धी काम मात्र उल्लेख गर्ने गरेको । • इन्धन खरिद खर्चको भौचर साथ इन्धन खर्चको लगबुक संलग्न गर्ने नगरेको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• खर्चको रिभर्स, कट्टी कर दाखिला एवं आम्दानी सम्बन्धि कतिपय गोश्वार भौचरहरु श्रेस्तासाथ संलग्न गरि राख्ने नगरेको । • गोश्वारा भौचरसाथ संलग्न विल भरपाई अनुसार हुने खर्चको तेरिज तयार गरी राख्ने नगरेको । • वडा अध्यक्षहरुले आफ्नो भ्रमण आदेश नगर प्रमुखबाट स्वीकृत नगराई आफैले स्वीकृत गर्ने गरेको । • वडा सचिवको भ्रमण आदेश प्रमुख प्रसाशकिय अधिकृतबाट स्वीकृत नगराई वडा अध्यक्षले स्वीकृत गर्ने गरेको । • वडा कार्यालय सञ्चालन खर्च अन्तर्गत मोवाइल रिचार्ज खर्चमा नियन्त्रण गर्ने नगरेको । • कट्टी गरेको कतिपय कर रकमको दाखिला भौचर खर्चको गोश्वारा भौचर साथ संलग्न गर्ने नगरेको । • कतिपय योजनाहरुको अनुगमण प्रतिवेदनमा अनुगमन समितिका सबै सदस्यहरुको दस्तखत नभै केही सदस्यहरुको मात्र हुने गरेको । • स्वास्थ्य शाखामा कार्यरत कर्मचारीले पशु शाखाको बाख्रा पालन सम्बन्धी तालिम संचालन गर्ने गरेको । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१८			**मनोरञ्जन करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा गाउँपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको पाईएन । यस गाँउपालीकाको क्षेत्रभित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।	
१९			**मसलन्द खरिदः** कार्यालयले एक आर्थिक वर्षमा गरिने खरिद कार्यको खरिद गुरु योजना बनाई सो अनुसार नै खरिद गर्ने र भुक्तानी गर्ने गर्नु पर्दछ । गाउँपालिकाले मसलन्द खरिका लागि रु ५० लाख ६३ हजार विनियोजन गरेकोमा विभिन्न मितिमा विभिन्न फर्महरुसँग पटक पटक गरी रु ४९ लाख २७ हजार ३ सयको सोझै तथा दर्तावाला फर्महरुसँग शिलबन्दी माग गरि खरिद गरेको पाईयो । कार्यालयलाई आवश्यक सामाग्रीहरुको सूरुमै लागत अनुमान बनाई बोलपत्र विधिबाट खरिद गर्न सकिनेमा समेत टुक्रा टुक्रा पारी विभिन्न फर्महरुसँग खरिद गरेको पाईयो । पालिकाले यसरी गरिने खिरदमा निरन्त्रण गरि वोलपत्र तथा बन्द शिलबन्दी बिधिबाट खरिद गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
२०			**रकम प्राप्प हुन भन्दा अगाडी आम्दानी बाँधिएकोः** रकम प्राप्प हुन भन्दा अगाडी आम्दानी बाँधिएकोः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले करुणा फाउण्डेशन मार्फत प्राप्प हुने रु ४२८२४.०० यस आर्थिक वर्षमा आम्दानी जनाएको तर सो रकम आर्थिक वर्ष २०७९।८० को श्रावण १६ मा मात्र गाउँपालिको संचितकोष दाखिला भएको पाईयो । गाउँपालिकाले यसरी रकम प्राप्त हुनु भन्दा अगाडी नै संचितकोषमा आम्दानी जनाउदा सो बराबरको बैंक मौज्दात घटी हुन गएको छ । अर्को आर्थिक वर्षको कारोवार सुरु हुनुभन्दा अगाडी नै पालिकाको संचितकोषमा रकम प्राप्त भए तापनि यसरी रकम प्राप्त नहुदै आम्दानी जनाउने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।	
२१			**व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । तर गाउँपालिकाले व्यवसाय कर उठाएको पाइएन । गाँउपालिका क्षेत्र भित्रका व्यवसायको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ।	
२२			**निशुल्क पाठ्य पुस्तकः** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नम्बर २.४.६.१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखी १२ सम्मका विद्यार्थका लागी निःशुल्क पाठ्य पुस्तक अनुदान दिने व्यवस्था अनुसार गाउँपालिकाले यस वर्ष र शैक्षिक वर्ष २०७९ को भर्ना समेतको आधारमा जम्मा रु २६ लाख ४५ हजार ५७० बराबरको अनुदान रकम भुक्तानी गरेको पाइयो ।	
२३			**धरौटीको व्यक्तिगत खाताः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ (१) बमोजिम प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखा अनुसूची-१० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची-११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खातामा अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । विभागले गोश्वारा धरौटी खाता राखेको भए पनि व्यक्तिगत धरौटी खाता नराखेकोले कुन व्यक्ति, फर्म तथा संस्थाको कुन कुन समयमा के-कति कुन प्रयोजनको धरौटी जम्मा हुन आएको हो तथा कुन कुन व्यक्ति, फर्म तथा संस्थाको धरौटीको प्रयोजन सकिई राजस्व खातामा दाखिला गर्नुपर्ने नपर्ने छुट्याउन नसकिने भएकोले विभागले व्यक्तिगत धरौटी राखी लेखा स्पष्ट पारदर्शी र अद्यावधीक गरिनुपर्दछ ।	
२४			**सामाजिक सुरक्षाको फिर्ता रकमः** आर्थिक वर्ष भित्र कारोवार सम्पन्न भए पश्चात सम्पुर्ण कोष तथा खातामा बाँकी रहेको मौज्दात रकम सो खाताको बैंक मौज्दात सँग बराबर हुनु पर्दछ । पालिकाले आर्थिक वर्ष भरि भुक्तानी गरि बाँकी रहेको रकम सो	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खाताको बैंक सँग बराबर हुनु पर्नेमा सामाजिक सुरक्षा वापत बैंकबाट फिर्ता भएको रकम संचित कोषमा जम्मा भएको कारण सो मौज्दात रकम बढि हुन गएको देखियो । यसरी भुक्तानी हुनु पर्ने रकम भुक्तानी भई सके पछि सामाजिक सुरक्षा वापतको संघीय सरकारबाट प्राप्त सशर्त तर्फको रकम बैंक बाट फिर्ता भएको रकमका कारण रु ५२२७१.०६ मौज्दात बढि भएको हुदा संघीय सरकारबाट प्राप्त सशर्त तर्फको रकम संघीय संचितकोष फिर्ता हुनु पर्ने रकम लेखापरीक्षणको क्रममा असुल भई संचितकोष दाखिला भएको छ ।	
२५			**मु.अ.कर समायोजन बिना धरौटी फिर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा कुनै पनि निर्माण व्यवसायी, आपुर्तिकर्ता, वा परामर्शदाताको रिटेन्सन वापतको रकम फिर्ता गर्दा निजले सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट मुल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाणको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । पालिकाले देहायका निर्माण व्यवसायीलाई धरौटी रकम फिर्ता गर्दा मुल्य अभिबृद्धि कर सामायोजन प्रमाण बिना कर चुक्ता प्रमाण मात्र पेश गरेको आधारमा धरौटी रकम फिर्ता गरेको पाईयो । कार्यालयले देहायका निर्माण व्यवसायीलाई भुक्तानी गरेको बिल रकमको रकमको ५ प्रतिशतले हुने रकमको मुल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु	५५४,३१६

सि.नं.	निर्माण व्यवसायी	ठेक्का नम्बर (धरौटी कट्टि)	गो भौ नं	भुक्तानी रकम
१	अधिकारी निर्माण सेवा	२०७७।७८-०३, ०५ र ११	५-२०७८।११।१०	३६७५२२
२	शिवगंगा कन्सट्रक्सन एण्ड सप्लायर्स	२०७६।७७-०३	७-२०७८।१२।०९	१२६७७४
३	याङ्मा कन्सट्रक्सन पाँचथर प्रा.ली.	२०७७।७८-०२	८-२०७९।०२।१२	६००२०
			जम्मा	५५४३१६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**दिवा खाजाः** नेपाल सरकारले सामुदायीक विद्यालयमा अध्ययनरत वालविकास देखि ५ कक्षा सम्मका विद्यार्थीलाई दिवा खाजा खुवाउने व्यस्था गरे वमोजिम गाउँपालिकाले यस आर्थिक वर्षमा विभिन्न मितिमा रु ४८ लाख ३७ हजार दिवा खाजा वापत गाउँपालिका अन्तर्गतका विद्यालयलाई भुक्तानी गरेको देखियो । विद्यालय संचालन शैक्षिक क्यालेण्डर अनुसार भए नभएको तथा विद्यार्थीको उपस्थिति विद्यालयले पेश गरेको अभिलेख अनुसार भए नभएको एकिन समेत भएको पाईएन । धेरै जस्तो विद्यालयले पेस गरेको विद्यार्थी हाँजरीमा उपस्थित भएको दिन बढाईएको, हिउदे बिदाको दिनमा समेत विद्यार्थीको हाँजिरी जनाईएको र सोहि अनुसार खर्चको बिल भरपाई पेश गरेको देखियो । पालिकाले विद्यालयबाट पेश भएको बिल भरपाई चेकजाँच नगरि माग भए अनुसार नै भुक्तानी दिएको हुदा पालिकाले भुक्तानी गरेको दिवा खाजा वापतको रकम यथार्थ र वास्तवीक भएको भन्न सकिने अवस्था छैन । पालिकाले यसरी दिवा खाजा वापत भुक्तानी गरेको रकम वास्तविक भन्दा बढि भएको खर्च एकिन गरि असुल गर्नु पर्दछ । दिवा खाजा वापत भुक्तानी भएको रु ४८३७०७०.०० यथार्थमा आधारित भएर भुक्तानी भएको नदेखिदा पालिकाले सो भुक्तानीको थप थप विश्लेषण गरि वास्तविक खर्च एकिन गर्नु पर्दछ ।	
२७			**मौज्दात राख्ने गरि न्यानो झोला खरिदः** आर्थिक वर्षको अन्त्यसम्म पनि खपत नहुनेगरी मौज्दात राख्ने उद्देश्यले कुनै मालसामान खरिद गर्न निमल्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा छ । यस आर्थिक वर्षभित्र खपत नहुनेगरी मौज्दात राख्ने अभिप्रायले गाउँपालिकाले २०० थान न्यानो झोला रु ८९९.४८ का दरले जम्मा रु १७९८९६.०० को खरिद गरेको देखियो । जिन्सीमा एक वर्षको लागि पुग्ने न्यानो झोला मौज्दात हुदा समेत यस प्रकार नियमावलीमा भएको व्यवस्था विपरित हुनेगरी खरिद गरेको कार्य नियमसम्मत देखिएन । यस्ता कार्यमा नियन्त्रण गर्न नगरपालिकाको कार्यपालिकाले ध्यान दिनुपर्ने देखियो ।	
२८			**निशुल्क पाठ्य पुस्तक अनुदान बढि भुक्तानीः** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नम्बर २.४.६.१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखी १२ सम्मका विद्यार्थका लागी निःशुल्क पाठ्य पुस्तक अनुदान दिने व्यवस्था अनुसार गाउँपालिकाले यस शैक्षिक वर्ष र शैक्षिक वर्ष २०७९ को भर्ना समेतको आधारमा पुस्तक खरिद र वितरण भरपाईका आधारमा अनुदान रकम भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतको श्री सिंह बाहिनी मा.वी., मा कक्षा ९ का विद्यार्थिहरुका लागि पाठ्य पुस्तक खरिद गरि बितरण गरेको बिलमा ऐक्षिक विषय समेत गरि प्रति सेट रु ९०३.०० हुनु पर्नेमा विद्यालयले प्रति सेट रु १०३५.०० राखि भुक्तानी लिएको पाईयो । तोकिएको रकम भन्दा प्रति सेट रु १३२.०० बढी राखि ६१ सेटको रु ८०५२.०० बढि भुक्तानी दिएको छ । यसरी तोकिएको भन्दा बढि दर राखी भुक्तानी भएको रकम असुल हुनु पर्ने रु	८,०५२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>

दशैं खर्च बढि भुक्तानीः दशैं खर्च बढि भुक्तानीः भृकुटी आ.वी. बाट थोक्पन आ.वी. मा सरुवा भई आउनु भएका शिक्षक श्री शंकर आङ्वोको सरुवा भई आएको विद्यालय श्री भृकुटी आ.वी. मा दशैं खर्च वापत रु २८६१०.०० भुक्तानी भएकोमा पुनः श्री थोक्पन आ.वी. मा समेत सो बराबरकै रकम दशैं खर्च वापत भुक्तानी भएको हुदा दोहोरो भुक्तानी भएको दशैं खर्च असुल हुनु पर्ने रु

<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>२९.१</td><td>शिक्षक श्री शंकर आङ्देम्बो</td><td>२८,६१०</td></tr>
</table>

</td><td>२८,६१०</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>

विद्यालयलाई बढी निकासाः श्री सिंहदेवी आ.वी. खेदोकलाई तेस्रो त्रैमासमा रु ४०२९४४.०० भुक्तानी हुनु पर्नेमा रु ८०८१९६.५० भुक्तानी भएको पाईयो । सो विद्यालयलाई चोथो त्रैमासमा रु ३५८३१७.०० भुक्तानी हुनु पर्नेमा कुनै पनि रकम निकासा नदिई पहिले नै बढि भुक्तानी भएको रकमबाट मिलान गरेको र सो समेत गरि तेस्रो र चौथो त्रैमासको रकम जम्मा रु ७६१२६१.०० भएको छ । विद्यालयलाई तेस्रो र चौथो त्रैमासको रकम भन्दा रु ४६९३५.०० बढि तेस्रो त्रैमासमा नै भुक्तानी भएको हुदा सो विद्यालयको दिवा खाजा वापत भुक्तानी हुनु पर्ने रकम रु ६०००.०० भुक्तानी नदिई पहिलेकै बढि भुक्तानी भएको रकमबाट मिलान गरेको छ । दिवा खाजाको रकम कट्टि गर्दा समेत सो विद्यालयलाई रु ४०९३५.०० बढी भुक्तानी भएको देखिदा सो रकम असुल गरि संचितकोष दाखिला हुनु पर्ने रु

<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३०.१</td><td>सिंहदेवी आ.वी., खेदोक</td><td>४०,९३५</td></tr>
</table>

</td><td>४०,९३५</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>

अंग्रेजी गणित र विज्ञान शिक्षक अनुदान भुक्तानीः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.४० मा माध्यमिक तह कक्षा ९-१० मा अंग्रेजी, गणीत र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान वापत रु ३५९९०.०० प्रति महिनाका दरले १२ महिनाको र आधारभुत तह ६-८ मा प्रति महिना रु २८६१०.०० का दरले १२ महिनाको भुक्तानी गर्न सकिने गरि व्यवस्था गरेको छ । गाउँपालिकाले श्री ज्ञानज्योती आ.वी. आहाले र श्री बाहबिसे आ.वी., बाहबिसेमा प्रति महिना

</td><td>३८,२५७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मा.वी. शिक्षकलाई प्रति महिना रु ३७९९०.०० र आ.वी. तहमा प्रति महिना रु ३०६१०.०० का दरले नियुक्ती भएको मिति देखि भुक्तानी गरेको छ । गाउँपालिकाले यसरी भुक्तानी गरेको देहाय अनुसराको रकम असुल गरि दाखिला हुनु पर्ने रु

<table>
<tr><th>सि.नं.</th><th>विध्यालयको नाम</th><th>बढि भुक्तानी दिन (२०७९।०३।३२)</th><th>दर</th><th>जम्मा रकम</th></tr>
<tr><td>१</td><td>ज्ञानज्योती आ.वी. आहले</td><td>२८७</td><td>६७</td><td>१९२२९</td></tr>
<tr><td>२</td><td>बाहबिसे आ.वी. बाहबिसे</td><td>२८४</td><td>६७</td><td>१९०२८</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>३८२५७</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>सामाजिक सुरक्षा तर्फः सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षा कार्यक्रममा यस वर्ष रु ६४९८०३६०।०० खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् :-</td><td></td></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>दुई वा सो भन्दा बढि व्यक्तीको एउटै नागरिकता नम्बरः कार्यविधिले तोकिदिएको मिति भित्रै लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा परिचयपत्रको नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीहरुको नाम प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर गाउँपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै नागरिकता नम्बर भएका दुई वा सो भन्दा बढि व्यक्तिको नाममा निकासा हुने गरी खर्च लेखेको पाइयो । एउटै जिल्ला बाट एउटै नागरिकता नम्बर हुन नसक्ने भए तापनि गाउँपालिकाले त्यस्तो एउटै नागरिकता नम्बर भएका व्यक्तीको खातामा रकम जम्मा गरेको पाईएकाले लगत अद्यावधिक गरी निम्नानुसार खर्च लेखेको रकम यकिन गर्नुपर्ने रु...
<table>
<tr><th>वडा नं.</th><th>व्यक्तिगत आई.डी</th><th>नाम</th><th>जन्म मिति</th><th>नागरिकता नम्बर</th><th>जारी जिल्ला</th><th>वार्षिक रकम</th></tr>
</table></td><td>७४३,१६८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१	2046092800441	Harka Bahadur Tamang	28-9-2046	021012-675		२५५३६
१	2012121300951	Jayaman Tamang	13-12-2012	021012-675	Panchthar	२५५३६
१	2012122501543	Moti kumari Lingden	25-12-2012	5237	Panchthar	३१९२०
१	2012122501615	Moti kumari lingden	25-12-2012	5237	Panchthar	१०६४०
२	1980102900067	Padam Bahadur Khatri	29-10-1980	1284954	Panchthar	४८०००
२	1984010100646	Serbahadur Khatri	1-1-1984	1284954	Panchthar	४८०००
३	2003081700033	Badranawati Kerung	17-8-2003	511	Panchthar	४८०००
३	2007111200122	Bhim Kumari Rai	12-11-2007	511	Panchthar	४८०००
३	2005020400211	Bhim Maya Rai	4-2-2005	846-1439	Panchthar	४८०००
३	2005020400229	Jas Maya Thamsuhang	4-2-2005	846-1439	Panchthar	४८०००
४	2000022300238	Jagannath Lamichane	23-2-2000	2086	Panchthar	४८०००
४	2000032900233	Pratap Sing Thamsuhang	29-3-2000	2086	Panchthar	४८०००
७	2007101801473	Bir Bahadur Ranamagar	18-10-2007	509-1841	Panchthar	४८०००
७	2007081506514	Bir Bahadur Ranamagar	15-8-2007	509-1841	Panchthar	४८०००
८	2006072801082	Sukh Rani Kerung	28-7-2006	673-7843	Panchthar	४८०००
८	2006072800688	Sukha Rani Kerung	28-7-2006	673-7843	Panchthar	४८०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>1998121000412</td><td>Kul Bahadur Jabegu</td><td>10-12-1998</td><td>1531</td><td>Panchthar</td><td>४८०००</td></tr>
<tr><td>८</td><td>2010092200583</td><td>Bhawani Prasad Thamsuhang</td><td>22-9-2010</td><td>1531</td><td></td><td>२५५३६</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>७४३१६८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२.२</td><td></td><td></td><td>कार्यविधिको पालनाः गाउँपालिकाले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७५ को देहाय अनुसार पालना गर्नु पर्ने देखिन्छः

• कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधिको पालनामा ध्यान पुर्याउँनु पर्दछ ।
• गाउँपालिकाका विभिन्न वडाहरुमा खडा गरिएको सामाजिक सुरक्षा भत्ता अभिलेख खातामा लाभग्राहीहरुको नाम परिचयपत्र नम्बर जन्ममिति नागरिकता नम्बर समेत प्रविष्ट गरी लाभग्राहीको स्पष्ट देखिने फटो समेत राख्नु पर्नेमा वडा नम्बर १ को खाता परीक्षण गर्दा कतिपय लाभग्राहीहरुको फोटो नटासेको तथा लाभग्राहीहरुको व्यक्तिगत विवरण प्रविष्टी गर्दा बिचबिचमा महलहरु खाली राखी प्रविष्टि गरेको समेत पाइएकोले पाइएकोले अन्य वडाहरुको अभिलेख खाता समेत हेरी यसमा सुधार गर्न गाउँपालिकाले पहल गर्नु पर्ने देखिन्छ ।
• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ७ (१) मा हाल भत्ता पाप्त गरिरहेका सबै प्रकारका लाभ ग्राहीहरुले आगामी आर्थिक बर्ष भित्र भत्ता लिन चाहेमा दफा ६(१)मा उल्लेखित समयमवधि भित्र वडा कार्यालयमा दरखास्त दिनु पर्ने यवस्था छ । यस गाउँपालिका कार्यालयका उल्लेखित ब्यवस्था अनुसार दरखास्त लिई अधिकाशं लाभग्राहीको नाम</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नबिकरण नगरि बिगत बर्षहरुमा भत्ता पाई राखेकाहरुको नामावली लाई नै नविकरण मानी भत्ता बितरण गर्ने गरेका कारणले गाउँपालिकाले अनुमान गरेको अनुमानित बजेट एकिन हुन नसकी बढी बजेट अनुमान गर्ने गरेको देखिन्छ । अत कार्यालयले लाभग्राहीहरुको नामावली कार्यबिधिमा उल्लेखित भएको व्यवस्था अनुसार नबिकरण गराउनु पर्ने देखिन्छ । • कार्यालयले उपलब्ध गराएको एम आइ एस विवरणमा कतिपय फरक नाम भएका लाभग्राहीहरुको नागरिकता नम्बर एउटै उल्लेख भएको पाइयो । यस सम्बन्धमा कार्यालयले थप बिश्लेषण गर्नुपर्ने देखिन्छ । • कार्यविधिले तोकिदिएको मिति भित्रै लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा परिचयपत्रको नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीहरुको नाम प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । कतिपय लाभग्राही हरुको कार्यालयले उपलब्ध गराएको एम आइ एस विवरणमा नागरिकता नम्बर देखिएन । यस सम्बन्धमा कार्यालयले ती लाभग्राहीहरुको यथार्थता यकिन गर्नु पर्ने देखियो ।	
३३			**विद्यालयका शिक्षकककोे तलब निकासाः** विद्यालयका शिक्षकककोे तलब निकासाः गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलब भत्ता निकासा गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवेदनका आधारमा भुक्तानी दिनु पर्द छ । यस गाउँपालिका भित्रका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलबी प्रतिवेदन पारित गरि तलब भत्ता वापत यस वर्ष पालिकाले रु ११करोड ३४ लाख ८१ हजार निकासा गरेको छ । साथै नगरकार्यपालिको विभिन्न मितिमा भएको निर्णय अनुसार विभिन्न विद्यायमा कार्यरत शिक्षकको दरबन्दी अन्य विद्यालयमा कायम गरेको कारण कुन विद्यालयमा के कति शिक्षकको दरबन्दी कायम रहेको छ भन्ने सम्बन्धमा एकिन हुन सकिएन । पालिकाले शीक्षकको दरबन्दी मिलान गरेको निर्णय र सो दरबन्दी अनुसार कायम दरबन्दीको अभिलेख स्पष्ट हुने गरि रख्नु पर्दछ ।	
३४			**आधारभुत स्वास्थ्यका कर्मचारीको तलब भत्ता भुक्तानीः** आधारभुत स्वास्थ्यका कर्मचारीको तलब भत्ता भुक्तानीः गाउँपालिका अन्तर्गत आधारभुत स्वास्थ्य चौकीमा कार्यरत ६ कर्मचारी लाई प्रति महिना रु २००००.०० र २ कार्यालय सहयोगी लाई प्रति महिना १००००.०० दिने गरि करार सेवामा नियुक्ती गरेको देखियो । दरबन्दी भित्रका स्वास्थ्य तर्फका कर्मचारीको तलब भत्ता संघीय सरकारको सशर्त अनुदानबाट भुक्तानी गर्नु	८०१,५८०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पर्ने र सो को लागि नेपाल सरकारले तोकेको पदको न्यूनतम सेवा सुविधा भुक्तानी गर्नु पर्ने हुन्छ । पालिकाले कर्मचारीहरु सँग सम्झौता गरि सम्झौतामै प्रति महिना भुक्तानी हुने रकम स्पष्ट तोकिसकेको अवस्थामा मिति २०७९।०३।१० गतेको गाउँ सभाको निर्णय अनुसार मिति २०७८।०४।०१ गते देखि नै लागु हुने गरि आधारभुत स्वास्थ्य चौकीमा कार्यरत ६ कर्मचारीको तलब प्रति महिना रु २८६१०.०० र कार्यालय सहयोगीको लतब प्रति महिना रु १५०००.०० हुने निर्णय गरेको पाईयो । आर्थिक वर्षको सुरुवात देखि नै लागु हुने भनि आर्थिक वर्षको अन्तमा आएर निर्णय भए अनुसार कर्मचारीहरु सँग सम्झौता भएको रकम भन्दा रु ८०१५८०.०० बढि भुक्तानी भएको छ । पालिकाले सम्झौता गर्दा नै रकम तोकेरै प्रति महिना भुक्तानी हुने सेवा सुविधा स्पष्ट पारेकोमा आर्थिक वर्ष समाप्त हुने समयमा आएर थप व्ययभार पार्ने गरि गरिएको निर्णय नियम सम्मत नदेखिएको रु	
३५			**बंगुरका पाठा खरिद भन्दा बढि बितरणः** बंगुरका पाठा खरिद भन्दा बढि बितरणः साना व्यवसायी बंगुर पालन कार्यक्रम अन्तर्गत स्थानीय कृषकहरुबाटै रु ४०००.०० प्रति पाठाका दरले १६ वटा र रु ३०००.०० प्रति पाठा दरले १०९ पाठा गरि जम्मा १२५ वाटा पाठा खरिद वापत रु ३९१०००.०० भुक्तानी दिएको छ । खरिद गरेका पाठा गाउँपालिकाको विभन्न वडाहरुमा बितरण गरेको भरपाई पेश गरेकोमा वितरण भरपाईमा ११० वटा पाठा प्रति पाटा रु ३०००.०० र १७ वटा पाठा प्रति पाठा रु ४०००.०० पर्ने गरि जम्मा १२७ वटा पाठा वितरण गरेको भरपाई पेश गरेको देखियो । १२५ वटा पाठा खरिद गरेर १२७ वटा पाठा वितरण गरेको भरपाईको आधारमा कार्यालयले पेश गरेको प्रमाण साँचो हो भन्नेमा विस्वास गर्न सकिने अवस्था देखिदैन । यसरी विस्वास गर्न गार्हो हुने प्रमाण पेस गरि कार्य सम्पन्न गर्ने कार्यमा नियन्त्रण गरि विस्वसनिय कार्य गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ	
३६			**कर्मचारी प्रोत्साहन भत्ताः** कर्मचारी प्रोत्साहन भत्ताः गाउँपालिकाले आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यमा व्यवस्था भए अनुसार गाउँपालिकाले यस वर्ष कर्मचारी प्रोत्साहन भत्ता वापत रु १४५२०००.०० भुक्तानी गरेको पाईयो । पालिकाको बजेट बक्तव्यमा स्थानीय तहले नै नियुक्त गरेका र स्थानीय तहको स्रोत बाटै तलब भत्ता भुक्तानी दिईने कर्मचारीहरु लाई प्रति महिना रु ३०००.०० का दरले भुक्तानी दिने व्यवस्था गरेको व्यवस्था गरेको छ । कार्यालयले कर्मचारीलाई प्रोत्साहन भत्ता भुक्तानी गर्दा स्थानीय	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तहको आन्तरिक आम्दानीलाई ध्यानमा दिएर सो स्रोतले धान्न सक्ने भएमा मात्र यस्ता भत्ता भुक्तानी दिने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।	
३७			**राजस्व आम्दानीः** राजस्व आम्दानीः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ को उपदफा २९ मा नगरपालिकाले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्ना ८ वटा वडाबाट उठाएको राजस्व वर्षभरि के कति उठेको छ हिसाव गरी आम्दानी बाँध्नु पर्नेमा वडाले १ देखि ८ सम्म उठेको राजस्व हिसाव नभएको, के कति नगदी रसिद पठाएको थियो सोबाट के कति राजस्व उठ्यो सोको अभिलेख राखेको देखिएन । पालिकाले के कति आम्दानी रसिद छाप्न दिएको थियो र कति ठेलि छापिएर आयो सो को स्पष्ट अभिलेख राखेको पाईएन गाउँपालिका आत्मनिर्भर भई आफ्नो कार्य संचालन आफैं गर्नु, गाउँपालिकाले के कति राजस्व उठ्नुपर्ने थियो, कति उठ्यो सोको अभिलेख समेत राख्ने कार्यमा उदासिन रहेको देखियो । साथै नयाँनयाँ राजस्वका स्रोतको पहिचान गरी राजस्व अभिबृद्धि गर्ने र भौतिक पूर्वाधारको विकासमा ध्यान पुर्याउनु पर्ने देखिन्छ । यसतर्फ थप विस्लेषण गरी राजस्व असुलीमा ध्यान दिनुपर्ने रु	३,३३२,३१६
३८			**पदाधिकारी सुविधाः** पदाधिकारी सुविधाः प्रदेश नं १ को प्रदेश सभाबाट पारित गाउँसभा, नगरसभा, र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ अनुसार गाउँपालिका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पदभार ग्रहण गरेको मितिदेखि स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची बमोजिमको रकममा नबढ्ने गरी यस ऐनमा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ । पालिकाले त्यस्तो सुविधा रु. ६९६६१६५.०० खर्च लेखेको पाइयो । यसरी पालिकाले पदाधिकारीलाई सुविधा भुक्तानी गर्दा स्थानीय तहको आन्तरीक स्रोतको आधारमा मात्र अनुसूची बमोजिमको रकम सुविधा प्रदान गर्नुपर्दछ ।	
३९			**आयकर कट्टीः**	५३,५८०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आयकर कट्टीः आयकर ऐन, २०५८ को दफा ८ अनुसार कुनै पनि प्राकृतिक व्यक्तीको कुनै आय वर्षमा रोजगारीबाट गरेको आम्दानीमा सोहि ऐनको दफा १० अनुसार पाउने छुट कटाई बाँकी रहेको आम्दानीलाई कुल करयोग्य आय मानी अनुसूची १ अनुसारको दरमा कर कट्टि गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष देहायका कर्मचारीको सेवा सुविधा भुक्तानी गर्दा कुल भुक्तानीमा १ प्रतिशतका दरले हुने सामाजिक सुरक्षा कर मात्र कट्टि गरि भुक्तानी गरेको पाईएकोले नपुग कर रकम सम्बन्धित बाट असुल गरि दाखिला हुनु पर्ने रु.
<table>
<tr><th rowspan="2">सि. नं.</th><th rowspan="2">नाम</th><th rowspan="2">जम्मा आम्दानी</th><th rowspan="2">छुट रकम बीमा वापत</th><th rowspan="2">करयोग्य आय</th><th rowspan="2">जम्मा कर</th><th colspan="2">कर कट्टि रकम</th></tr>
<tr><th>सा.सु.</th><th>बाँकी कर कट्टि</th></tr>
<tr><td>1</td><td>श्री बसन्त खत्री</td><td>५८४९४०.</td><td>२५०००</td><td>५५९९४०.</td><td>१६४८८</td><td>५७७२</td><td>१०७१६</td></tr>
<tr><td>2</td><td>श्री रबिनद्र गुरुङ्ग</td><td>५८४९४०.</td><td>२५०००</td><td>५५९९४०.</td><td>१६४८८</td><td>५७७२</td><td>१०७१६</td></tr>
<tr><td>3</td><td>श्री विष्णुदेव चौधरी</td><td>५८४९४०.</td><td>२५०००</td><td>५५९९४०.</td><td>१६४८८</td><td>५७७२</td><td>१०७१६</td></tr>
<tr><td>4</td><td>श्री लिलाराज कोईराला</td><td>५८४९४०.</td><td>२५०००</td><td>५५९९४०.</td><td>१६४८८</td><td>५७७२</td><td>१०७१६</td></tr>
<tr><td>5</td><td>श्री राजेन्द्र केरुङ्ग</td><td>५८४९४०.</td><td>२५०००</td><td>५५९९४०.</td><td>१६४८८</td><td>५७७२</td><td>१०७१६</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>५३५८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>गोर्खेजानी तिनसिमाना पर्यटकीय पैदल मार्ग- पर्यटकीय पदमार्ग तथा आवास गृह ६ महिना भित्र निर्माण गर्न लागत अनुमानको ५६.३९ प्रतिशत घटेर रु.८३,८२,१२१.९९ कबोल गर्ने निर्माण व्यवसायी श्री आले निर्माण सेवा, फिदिमसँग कार्यालयले २०७८ भाद्र ९ मा ठेक्का सम्झौता गरेको पाइयो ।निर्माण व्यवसायीले कुल कार्यको ११ प्रतिशत ले रु. ९,२४,७३९.७४ को मात्र कार्य गरेको पाइयो । दशगजामा कार्य गर्न बाधा परेको जनाई कार्य गर्न नसकिने जनाई ठेक्का कार्य रोकेको छ । सो पदमार्ग र आवास गृह दशगजामा नै बनाउन तय गरेको प्रमाण पेश गरेको पाइएन । तर दशगजामा छिमेकी देशको सहमति बेगर निर्माण गर्न नपाइने अवस्थामा सो साईट तय गरेको भए सो ठेक्का कार्यको स्वीकृति दिनेलाई जिम्मेवार बनाउनुपर्दछ।</td><td>९२४,७३९.७४</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सम्झौता बमोजिमको निर्माण कार्य अधुरो छोड्दा सार्वजनिक खरिद ऐन, २०६३ अनुसार कार्य सम्पादन जमानत जफत गरी कारवाही गर्नुपर्नेमा सो गरेको पाइएन । कार्य सम्पादन जमानतको म्याद २०७९/२/१ मा समाप्त हुनु अगावै म्याद थप गर्न र थप नगर्ने भए जफत गर्नुपर्नेमा सो सम्बन्धी कारवाही पनि गरेको पाइएन । ठेक्का कार्य अगाडि बढाउन नसक्ने काबु बाहिरको परिस्थिति बाहेकको पुष्ट्याई बेगर ११ प्रतिशत मात्र कार्य गरेको ठेक्का फरफारक गर्नेलाई जिम्मेवार बनाई सो ठेक्काको कार्य अगाडि बढाउनु पर्ने र सोमा खर्च गरेको रकमको उपादेयता नभएको रु.	
४१			**लुङबादिन डम्फू भैसे सुर्केथाम सडक मर्मतः** लुङबादिन डम्फू भैसे सुर्केथाम सडक मर्मत योजनामा देखिएका व्यहोरा देहाय अनुसार रेहका छन ।	
४१.१			**बढि भुक्नितानीः** र्माण कार्यको स्पेशिफिकेशन र कबोल गरेको दर अनुसार भुक्तानी गर्नुपर्दछ । स्टोन सोलिङ्गको कार्य ठेकदारले प्रतिघनमीटर रु. १५००.०० कबोल गरेकोमा भेरियशन आदेशबाट थप गरेको सोलिङ्गको कार्य प्रति घनमीटर रु. ४०००.०० गरेको देखाएको छ । ठेकदार श्री हेवा भगवती कन्स्ट्रक्शन एण्ड सप्लायर्सले ठेक्काको सम्झौता अवधिका लागि कबोल गरेको दर भन्दा थप गरेको परिमाणको दर बढी राख्न नमिल्ने हुँदा लम्बाई १५० मी., चौडाई ६ मी. र स्पेशिफिकेशन अनुसार उचाई ०.१५ मी.को कार्यको १३५ घनमीटरको @१५००.०० का दरले रु. २०२५००.०० भुक्तानी गर्नुपर्नेमा उचाई ०.२० मी. गरी १८० घनमीटरको @४०००.०० का दरले रु. ७२००००.०० भुक्तानी गरेको हुँदा बढी भुक्तानी रकम रु. ५१७५००.०० निक्यौंल गरी असुल गर्नुपर्ने रु.	५१७,५००
४१.२			**लुङबादिन डम्फू भैसे सुर्केथाम सडक मर्मतः** सडक निर्माणको कामको लागत अणुमानको ५६ प्रतिशर घटीमा कबोल गर्ने ठेकदार श्री हेवा भगवती कन्स्ट्रक्शन एण्ड सप्लायर्ससँग कबोल रकम रु. ७०,२०,७४६.४१ मा ठक्का सम्झौता गरेको पाइयो । ठेक्काको म्याद २०७९ आषाढ १५ गते सम्म थप गरेतापनि कार्य सम्पन्न गरेको पाइएन। सडकको ६.५ कि.मी. लम्बाई मध्ये ३८ प्रतिशतले २.५ कि.मी. खण्डमा कुनै कार्य नगरेको तथा Earthwork Excavation ७०९१३.५४ घनमीटर मध्ये ३२ प्रतिशतले २२९०१.१८ घनमीटर मात्र कार्य गरेको अवस्थामा बाँकी कार्य गराउन कार्यालयले पहल गरेको पाइएन । ठेक्काको तोकिएको कार्य प्राबिधिक कारण बेगर अधुरो राख्न नमिल्ने हुँदा सो कार्य पुरा गराउन आवश्यक कारवाही गर्ने र सो कार्य गर्न अस्वीकार गरेको अवस्थामा कार्य सम्पादन जमानत रु. ३४,९७,२२९.३९ सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम जफत गरी कानून कारवाही गर्नुपर्ने रु.	३,४९७,२२९.३९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२			**पानाबाझर्णा खोलाधारी लामापोखरी तीनसिमाना सडकः** पानाबाझर्णा खोलाधारी लामापोखरी तीनसिमाना सडक निर्माणमा देखिएका व्यहोरा देहाय अनुसार छन ।	
४२.१			**सव ग्रेड भन्दा सव वेसको चौडाई बढिः** निर्माण कार्यको स्पेसिफिकेशन अनुसार कार्य गर्नुपर्दछ । भौचर नं. ४३ र ७५ बाट पेभमेन्ट कार्यको भुक्तानी भएको छ । नापी किताब अनुसार ४४०० मीटर लम्बाईमा सबग्रेड २.४५ मीटर चौडाईमा गरेको छ ।तर ३६२० मीटर लम्बाईको सडकमा ३.२० मीटर चौडाई र ०.२० मीटर मोटाईमा सबबेश गरेको देखाएको छ । सबग्रेडको चौडाई भन्दा सबबेशको चौडाई ०.७५ मीटरले बढी गर्नुपर्ने प्राबिधिक पुष्ट्याई पेश गरेको पाइएन । सबग्रेडको चौडाई भन्दा सबबेशको चौडाई बढी गर्दा सोबाट अपेक्षित गुणस्तर कायम नहुने र सो गर्नाको प्राबिधिक कारण नरहनुका साथै डिजाइनबाट पनि पुष्टी नभएको हुँदा सबबेशमा ०.७५ टर बढी चौडाई ३११.३२ घनमीटरको रु. ५५०.०० ले रु. १७१२२६.०० मा मूल्य अभिवृद्धि करसमेत बढी भुक्तानी रकम निक्यौंल गरी असुल गर्नुपर्ने रु.	१९३,४८५.३८
४२.२			२७/२०७८-१२-९, ठेक्काको शर्त अनुसार मोबिलाइजेशण पेश्की पहिलो किसताम १० प्रतिशतसम्म दिन सकिने व्यवस्था गरेकोमा कार्यालयले २० प्रतिशथ नै पेश्की रु. ८९००००.०० निकासा गरेको पाइयो । पेश्की फर्छ्यौट भएतापनि सरकारी रकम तोके भन्दा बढीले निशुल्क परिचालन गर्न नपाइने हुँदा पेश्की दिंदा शर्त भन्दा बढी नहुने गरी पेश्की रकम निकासा दिने व्यवस्था गर्नुपर्दछ।	
४३			**सिंचाई योजनाः** पालिका भित्र संचालित सिंचाई योजनाहरुमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन	
४३.१			**उपभोक्ता समितीबाट सार्वजनिक खरिद सम्बन्धि कानूनको पालनाः** सम्झौतामा जल उपभोक्ता समितिले निर्माण सामाग्रीहरू खरिद गर्दा कम्तीमा ३ वटा दरभाउपत्र मार्फत समयमै खरिद गर्नुपर्ने र सोका लागि कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाता कार्यालयले कम्तीमा ३ वटा दरभाउपत्र मार्फत खरिद गर्न सहयोग गर्ने एवं प्रकृया अवलम्बन गरेको सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको भएपनि सोको पालना गरेको पाइएन । सम्झौताको कार्यान्वयन गर्नुपर्दछ ।	
४३.२			**व्यवस्थापन शुल्क-** सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ (८) अनुसार प्राबिधिक सहयोगका लागि बाह्य जनशक्ति आवश्यक परेमा लागतको ३ प्रतिशतसम्म कन्टिन्जेन्सीबाट खर्च बेहोर्ने व्यवस्था छ । तर व्यवस्थापनका लागि खर्च	४६७,७५०.०२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			दिने व्यवस्था गरेको छैन । सिँचाई योजना निर्माणका सन्दर्भमा खरिद नियमावलीसँग अमिल्दो हुने गरी उपभोक्ता समितिलाई लाग्ने व्यवस्थापकीय खर्चका लागि निर्माण लागतको २ प्रतिशत व्यवस्थापन शुल्क दिने व्यवस्था गरेको छ । उपभोक्ता समितिका पदाधिकारीहरूको खाना, खाजा, होटल बास खर्चका साथै झोला, संचार र उपकरण खरिद लगायतमा खर्च गर्ने गरेको छ । व्यवस्थापन खर्चमा के कस्ता खर्च गर्न पाउने सीमा निर्धारण नगरेको र खरिद गरिएका सामानको जिन्सी दाखिला गर्ने नगरेको अवस्था छ । खरिद नियमावली अनुकूल व्यवस्थापन शूल्कलाई नियन्त्रण गर्नुका साथै व्यवस्थापन गरिने खर्चका शीर्षक र सीमा निर्धारण गर्नुपर्दछ ।निम्न सिँचाई योजनाहरूमा सम्झौतामा तोकिएको २ प्रतिशत भन्दा बढी सोधभर्ना गरेको रकम र व्यवस्थापनवापत खर्च गर्न नपाउने रकम रु. ४६७७५०.०२ खर्च गरेकोले सोको निक्यौंल गरी असुल गर्नुपर्ने रु.	

जल उपभोक्ता समिति	खर्च शीर्षक	खर्च गर्न नपाउने रकम रकम	असुल गर्नुपर्ने कारण
लुवाखोला मादबुङ्ग कोप्चे सिँचाई योजना	मिस्त्री कामदार ४०० जनालाई खाना, खाजा र चिया खुवाएको @ ५०.००, २००.०० र २०.०० का दरले खर्च गंगाराम काफ्लेलाई भुक्तानी ।	५३८००.	कामदारलाई छुट्टै ज्याला खर्च दिएको हुँदा खाना, खाजा र चिया वापतको खर्च सोधभार्ना दिन नमिल्ने ।
खेदोक खोला केराबारी सिँचाई योजना	गम्बुट, पंजा, छिनो खरिद ।	१९८००.	निर्माणका लगि लाग्ने टुल्स कार्यालयले उपलब्ध गराएको हुँदा उपभोक्ता समितिले खरिद गर्न नमिल्ने ।
लुवाफुखोला लिगिम्बा हाम्राङ्ग सिँचाई योजना	११ थान झोला।	१६५००.	प्रयोजन बेगर सबै पदाधिकारीलाई झोला खरिद गर्न नमिल्ने ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कल्चुडे मेमेङ डाँडा सिँचाई योजना</td><td>२ प्रतिशत भन्दा बढी व्यवथापन खर्च ।</td><td>४८१३७.८७</td><td>सम्झौता भन्दा बढी व्यवस्थापन खर्च सोधबर्ना गर्न नमिल्ने ।</td></tr>
<tr><td>सेवाखोला बिचकुलो सिँचाई योजना</td><td>२ प्रतिशत भन्दा बढी व्यवस्थापन खर्च ।</td><td>२,९१,७६२.१५</td><td>सम्झौता भन्दा बढी व्यवस्थापन खर्च सोधभर्ना गर्न नमिल्ने ।</td></tr>
<tr><td>सेवाखोला बिचकुलो सिँचाई योजना</td><td>हेक्सा ब्लेड आदि खरिद ।</td><td>१८७५०.</td><td>निर्माणका लगि लाग्ने टुल्स कार्यालयले उपलब्ध गराएको हुँदा उपभोक्ता समितिले खरिद गर्न नमिल्ने ।</td></tr>
<tr><td>लुवापु पापुन्देन माथिल्लो कुलो सिँचाई योजना</td><td>७ थान ब्याग खरिद ।</td><td>१९०००.</td><td>प्रयोजन बेगर ७ थान झोला खरिद गरेको र जिन्सी दाखीला नभएको ।</td></tr>
<tr><td></td><td>बढी खर्च रकम रु.</td><td>४६७७५०.०२</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३.३</td><td></td><td></td><td>उपभोक्ता समितको लागत सहभागिताः संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, स्वीस नियोग र उपभोक्ता समितिको संलग्नतामा सिँचाई योजना संचालन गर्दा उपभोक्ता समितिले योजनाको लागत अनुमानको १ प्रतिशत रकम मर्मत संभारका लागि छुट्टै बैंक खातामा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । योजना सम्पन्न हुँदासम्म सो रकम बैंकमा नै रहनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पछी उपभोक्ता समितिले गरेको कारोबारको लेखापरीक्षण प्रतिवेदनका साथै मर्मत संभार कोष रकमको बैंक स्टेट्मेन्ट पेश गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सम्झौताका शर्तको पालना गरी सो कोषको रकम रहेको यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३.४			**बढी सिमेन्ट खर्च-** उपभोक्ता समितिले काम गरेको आधारमा लागेको खर्च सोधभर्ना दिनुपर्दछ । लुवाफुखोला लिगिम्बा हाम्राङ्ग सिँचाई योजनाका उपभोक्ता समितिले गरेको कार्यको नापी अनुसार ७०.११३ मे.टन सिमेन्ट प्रयोग गरेकोमा समितिले पेश गरेको बिजकहरू अनुसार ५० के.जी. का १४४३ बोराका सिमेन्ट खरिद गरेको अर्थात ७२.१५ मे. टनको रहेको हुँदा २.०३७ मे. टन बढी खरिद गरेको देखिन्छ । खरिद गरेको सिमेन्ट को परिमाण भन्दा निर्माण कार्यमा लागेको परिमाण घटी हुँदा प्रति मे. टन २०९५८.६० का दरले बढी परिमाणको सोधभर्ना रकम रु. ४२६९२.६६ निक्यौंल गरी असूल गर्नुपर्ने रु.	४२,६९२.६६
४४			**नाफमुलक सहकारी संस्थाको परामर्श भुक्तानीः** सार्वजनिक रकम सार्वजनिक कार्यमा प्रयोग गर्नुपर्दछ । शेयरधनीले लाभ पाउने सहकारी संस्थाको भवनको डिपिआरका लगि गाँउपालिकाको कोषबाट रकम खर्च गर्न नमिल्नेमा श्री सुर्केथान दुध उत्पादक सहकारी संस्थाको भवनको गुरू योजना र डिपिआरका लागि श्री प्रयास ईन्जिनियरिङ्ग कन्सल्टयान्सी प्रा.लि.बाट कार्य गराई रु. १४,९९,५१०.०० भुक्तानी गरेको नियमित नभएको रु.	१,४९९,५१०
४५			**प्रशासनिक भवन निर्माण (स्थानीय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रम- ३६५०१११४)** पालिकाले निर्माण गरि रहेको कार्यालयको भवनको ठेक्का मुल्याङ्कन लगायत निर्माण कार्यमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन ।	
४५.१			**कार्य अनुभव -** निर्माण व्यवसायी श्री खानी एपेक्स मिशन जे. भी.ले प्रहरी प्रधान कार्यालयको मिति २०७८०१/०२ को पत्रानुसार खानी निर्माण सेवा प्रा. लि. ले Contract ID- NCB/PHQ/REG/207-075/05 मा सम्झौता लागत रु. ७,६२,२४६४०.७९ को Construction of Barrack Block at Motor and Transport Division कार्य २०७६/०५/०५ भित्र सम्पन्न गर्ने गरी २०७५/०५/०७ मा सम्झौता गरेको भए पनि २०७८/०१/०२ मा प्रहरी प्रधान कार्यालयले जारी गरेको पत्रमा सो कार्य सोही मितिमा सम्पन्न गरेको भनि उल्लेख नगरेको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ बमोजिमको कार्य स्वीकार प्रतिवेदन र नियम १२५ (९) बमोजिम जारी गरेको कार्य सम्पन्न प्रमाणपत्रसमेत पेश नगरेको स्थितिमा कार्यालयले सो कार्य यथार्थमा एकै वर्ष भित्र गरेको सुनिश्चित गरेको पाइएन । साथै,अन्य कार्य अनुभवका हकमा पनि एक आर्थिक वर्ष भित्र कार्य गरेको अनुभव सुनिश्चित नै नगरी श्री खानी एपेक्स मिशन जे. भी. लाई योग्य ठहर गरी ठेक्का	९,३५२,३२६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सम्झौता गरी संघीय सरकारको बजेट बाट रु. ६३,५२,३२६.०० र गाँउपालिका पुँजीगत शीर्षकबाट रु. ३०,००,०००.०० पेश्की दिएको हुँदा सो पेश्की रु. ९३५२३२६.०० दिन मिल्ने योग्यताको आधार पेस गर्नुपर्ने रु.	
४५.२			**कार्य सम्पादन जमानत-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) बमोजिम निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको कार्य सम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । सम्झौतानुसार श्री खानी एपेक्स मिशन जे. भी.ले नियमानुसार २०२६ जनवरी ५ सम्म अवधि रहेको कार्य सम्पादन जमानत पेश गर्नुपर्नेमा कृषि विकास बैंक लि. बाट २०२४ डिसेम्बर ५ अवधिसम्मको जमानत रु. २७,०१,९४०.०० रहेको प्रमाण पत्र पेश गरेको हुँदा नपुग अवधिको कार्य सम्पादन जमानत लिनुपर्ने रु.	२,७०१,९४०
४५.३			**सम्झौताका सर्त अनुसार पेश्की फस्यौंट नभएको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क (३) अनुसार पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी हुने र दफा ५२क (५) अनुसार पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (२) बमोजिम बऔंकको खाता र खर्चको रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले कार्यालयलाई उपलब्ध गराउनुपर्ने व्यवस्थाको पालना भएको छैन । कार्यालयले दिएको पेश्की रु. ९३,५२,३२६.०० को हकमा सो व्यवस्थाको पालना गरी पेश्की अन्यत्र प्रयोग गरेको भए सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) अनुसार ब्याजसमेत लगाई पेश्की फर्छ्यौट गर्नुपर्दछ ।	
४५.४			**संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ (७क) बमोजिम निर्माण कार्यमा संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बाट कार्य सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने र त्यस्तो कार्यको जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य वा सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न नपाइने व्यवस्था छ । स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत गाँउपालिका कार्यालय भवनका ठेकदार श्री खानी एपेक्स मिशन जे. भी. ले श्री मोहन अधिकारीलाई अख्तियारी दिएको छ। अख्तियारी प्राप्त मोहन अधिकारीले जे.भी.सँग असम्बन्धित श्री ईन्द्र कुमार गुरागाईलाई पुनः अख्तियारी दिएको छ । निजलाई नै कार्यालयको भवन निर्माण कार्यका लागि पनि श्री खानी एपेक्स कुँवर जे. भी. ले अख्तियारी दिएको छ । दुई कार्यमा एकै व्यक्तिलाई काम तोक्न मिल्दैन । यसबाट संयुक्त उपक्रमका कुनै साझेदारको उपस्थिती भएको देखिदैन । कार्यालयबाट निर्माणाधिन रहेका निर्माण कार्यको ठेक्का संयुक्त उपक्रमका सबै सहभागी	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पक्षहरू निर्माण कार्यमा संलग्न नहुने, निर्माण स्थलमा उपस्थित नहुने, निर्माण कार्यको नापी किताबमा हस्ताक्षर नगर्ने अवस्था रहेको छ । सबकन्ट्र्याक्ट पनि नदेखाएको अवस्थामा सो अख्तियारी कानूनसम्मत नरहेको हुँदा सोलाई कार्यालयले मान्यता नदिई आधिकारिक संयुक्त उपक्रमका साझेदारको उपस्थितीमा निर्माण कार्य गरिनुपर्दछ । सो अख्तियारी प्रशासनिक कार्यको प्रयोजनका लागि मात्र दिन मिल्ने र निर्माण कार्यको जिम्मेवारीको हकमा नियमावलीको नियम २८(७क) बमोजिम हस्तान्तरण गर्न मिल्दैन । योजना कार्यालयले ठेक्कामा प्रतिष्पर्धी हुन तोकेको कार्य अनुभव, वित्तीय कारोबार, ठेक क्षमतामा योग्य ठहरिएका संयुक्त उपक्रमको वित्तीय प्रस्तावको मूल्यांकन गरिने हुँदा ठेक्का सम्झौता पश्चात संयुक्त उपक्रमका कुनै एक पक्ष मात्र निर्माण कार्यमा सहभागी हुने गरेको कारण निर्माण कार्यका लागि योग्य हुन तोकिएको क्षमता, अनुभव र तिनको संलग्नता पर्याप्त अवधि नरहनाले निर्माण कार्य समयमा संचालन नहुने र गुणस्तरमा आँच आइरहेको अवस्था छ । संयुक्त उपक्रमका निर्माण कार्यको जिम्मेवारी हस्तान्तरण गर्न नमिल्ने हुँदा श्री ईन्द्र कुमार गुरागाईलाई दिएको अख्तियारी अमान्य गरी संयुक्त उपक्रमका सबै पक्षको निर्माण कार्यमा अनिवार्य सहभागिता हुने र निर्माण कार्यको नापी परिमाणमा सबै पक्षको हस्ताक्षर बेगर ठेक्का रकम भुक्तानी नदिने व्यवस्था गर्नुपर्दछ।	
४५.५			**मूल्यवृद्धि**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (१) अनुसार खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न सक्ने व्यवस्था छ ।ठेक्काको शर्तमा मूल्य समायोजन दिन सकिने व्यवस्था गरेतापनि बी.ओ.क्यु. अनुसारका आइटममा रहेका मुल्य संरचना श्रम, निर्माण सामाग्री र यान्त्रिक उपकरणको भाडाको प्रयोगका आधारमा लाग्ने कार्यालयले कोफिसियनट्सको रेन्ज तोक्नुपर्नेमा रेन्ज तोकेको पाइएन । रेन्ज नतोकेको अवस्थामा बोलपत्रदाताले श्रममा ०.१३, निर्माण सामाग्रीमा ०.६९ र यान्त्रिक उपकरणमा ०.०३ कोफिसियन्ट तोकेको छ । यसरी निर्माण सामाग्रीमा बढीमा ०.४५ कोफिसियन्ट निर्धारण हुन सक्नेमा ०.६९ कोफिसियन्ट राखी बढी दर देखिएको र अन्य दुई मुल्य संरचनामामा अति कम दरमा कोफिसियन्ट राखेको अस्वाभाविक रहेकोमा कार्यालयले मूल्य संरचनानुसार वार्ता गरी कोफिसियन्ट संशोधन गरेको पाइएन । यसले गर्दा श्रम र यान्त्रिक उपकरणको भाडाको तुलनामा निर्माण सामाग्रीको मूल्य सूचकांकको वृद्धि अनुपात बढी हुने हुँदा मूल्य संरचना अनुसार पर्ने लागत भन्दा बढी मूल्य समायोजन हुने स्थिती रहेको छ । यो वर्ष पहिलो रनिङ्ग बिलको रु. ६४५८१८३.०८ र दोस्रो रनिङ्ग बिलको रु. २५,७६,२४४.०२ गरी कुल रकम रु. ९०,३४,४२७.१० मा पेश्की कटाई बाँकी रकम रु. ११,२३,२५८.१० मा मुल्य वृद्धि फ्याक्टर १.२६३० ले मू. अ. कर बाहेक रु. २,९५,४१६.८७ भूक्तानी गरेको छ। कार्यालयले कोफिसियन्ट्सको रेन्ज निर्धारण नगरेको हुँदा बि.ओ. क्यूको आइटमहरूको कूल मूल्य संरचनाको प्राबिधिक आधारमा श्रम, सामाग्री र यन्त्र उपकरणको कोफिसियन्सट् निर्धारण गर्नुपर्नेमा बिना आधार कोफिसियन्ट राखेको र मुल्य संरचना अनुसार	३३३,८२१.०६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लागेको ईन्पुट्स (श्रम, सामाग्री, यान्त्रिक उपकरण) का आधारमा मूल्य वृद्धि फ्याक्टर गणना गर्नुपर्नेमा एकमुष्ट दरमा फ्याक्टर गणना गरी मूल्य वृद्धि समायोजन गरेको हुँदा यथार्थ मूल्य वृद्धि समायोजन भएको छैन । मूल्य संरचनानुसार श्रम, सामाग्री र यन्त्र उपकरणको कोफिसियन्टस् तय गरी मूल्य प्रभावित भएको ईन्पुट्स अनुसार फ्याक्टर गणना गरी मूल्य समायोजन निर्धारण गर्नुपर्ने रु.	
४५.६			**ठेक्का शर्त-** ठेक्का शर्त- सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा खरिद प्रक्रियामा प्रतिष्पर्धा, स्वच्छता, जवाफदेहिता र विश्वसनीयता प्रबर्द्दन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट सार्वजनिक खरिद गर्नुपर्ने उल्लेख छ । सो ऐनको दफा ९ अनुसार योग्य बोलपत्रदातालाई बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । निर्माण कार्यको प्राबिधिक जटिलता र निर्माण कार्यका लागि नभई नहुने सान्दर्भिक कार्य र अनुभव Contract of Similar Size and Nature र Construction Experiences in Key Activities मा शर्त राख्नुपर्दछ । तर प्राबिधिक जटिलता नरहेकोमा प्रतिष्पर्धा संकुचित हुने गरी असान्दर्भिक शर्त राख्न मिल्दैन । कार्यालयले भवन निर्माणका लागि बिड डकुमेन्टको Evaluation and Qualification Criteria अन्तर्गत "A Government building cost of NRs. 4,40,00,000.00 successfully completed in hilly region" शर्त राखेको पाइयो । Similar Nature अन्तर्गत भवन निर्माणको अनुभवका लागि पहाडी क्षेत्रमा रु. ४ करोड ४० लाखको सरकारी भवन नै निर्माण गरेको भनि Similar Nature सँग अमिल्दो "सरकारी भवन" र "पहाडी क्षेत्र" जस्ता संकुचित र निर्माण कार्य गर्न अपरिहार्य नरहेको शर्त राखी प्रतिष्पर्धालाई सीमित गरेको पाइयो । सो शर्त राख्नुपर्नाका प्राबिधिक कारण र औचित्य पनि पुष्टि गरेको पाइएन ।सोका अतिरिक्त बिड डकुमेन्टको Evaluation and Qualification Criteria अन्तर्गत Contract of Similar Size and Nature तथा Experience in Key activities मा सरकारी भवन "एकै वर्षभित्र निर्माण गरेको" शर्त नरहेकोमा सोसँग सामञ्जस्य नहुने गरी बिड डाटा सिट अन्तर्गत Preparation of Bid अन्तर्गत ITB 11.2 मा "A government building cost of 4,40,00,000.00 completed within a single fiscal year" बेहोरा राखेको पाइयो । यसले गर्दा बोलपत्रमा सहभागी ४ बोलपत्रदाता मध्ये धुलिखेल आले जे.भी., कृतिश्वर कन्स्ट्रक्शन एण्ड ड्रिलिङ्ग कं. प्रा. लि. र रामजानकी बीर नमुना जे. भी. लाई मुख्यतया एकै आर्थिक वर्षमा पहाडी क्षेत्रमा सरकारी भवन निर्माण गरेको अनुभव नरहेको भनि अयोग्य ठहर गरी एक मात्र बोलपत्रदाता खानी एपेक्स मिशन जे. भी. लाई योग्य ठहर्याएको पाइयो ।तर कार्यालयले पेश गरेको विवरणमा सो कार्य अनुभव रामजानकी वीर नमुना जे. भी. ले मात्र पुरा गरेको र अन्य ३ बोलपत्रदाता अयोग्य रहेको देखाएको छ । तत्पश्चात, रामजानकी वीर नमुना जे. भी. अयोग्य र खानी एपेक्स मिशन जे. भी. योग्य रहेको पनि प्रतिवेदन दिएकोमा सोको कारण खुलाएको छैन । एकै वर्ष भित्रै रु. ४ करोड ४० लाखको भवन निर्माण गरेको हुनुपर्ने अस्वाभाविक शर्त राखी प्रतिष्पर्धा सीमित गर्नाका कारण एक मात्र प्रभावग्राही	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बोलपत्र कायम हुनाले लागत अनुमान भन्दा ०.४९ प्रतिशत घटी कबोल रकम रु. ५,४०,३८,८११.९५ मा श्री खानी एपेक्स मिशन जे. भी. सँग ३ वर्ष भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८/८/२३ मा सम्झौता गरेको पाइयो । जनशक्ति र मेशिनरीको आवश्यकतालाई हेर्दा निर्माण कार्य विशेष प्रकृतिको र जटिल रहेको पुष्टी हुँदैन ।कार्यालय भवनको निर्माण अवधि ३ वर्ष सम्झौतामा राख्ने तर कार्य अनुभवका हकमा रु. ४ करोड ४० लाखको सरकारी कार्यालयको भवन १ वर्ष भित्र निर्माण सम्पन्न गरेको हुनुपर्ने शर्त राख्नाले प्रतिष्पर्धालाई सीमित गर्न मिलोमतो गरेको अवस्था प्रष्टिन्छ । कार्यालयबाट ठेक्कामा प्रतिष्पर्धालाई सीमित गर्ने गरी प्राबिधिक कारण र औचित्य बेगर समान प्रकृतिका नाममा अमिल्दो शर्त राखेको बारे छानबिन गरी सार्वजनिक खरिद कार्य मितव्ययी, विवेकपूर्ण र जवाफदेहीपूर्ण नबनाउने जिम्मेवार पदाधिकारीलाई नियमानुसार जवाफदेही बनाई स्पष्ट गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४५.७</td><td></td><td></td><td>उही जनशक्ति अर्को जे. भी.मा पनि राखेको - निर्माण कार्यका लागि सम्झौता अनुसार एक निर्माण कार्यको ठेक्काका लागि तोकिएका योग्यता पुगेका जनशक्तिलाई अन्य ठेक्कामा राख्न मिल्दैन । संचालनरत एक भन्दा बढी ठेक्कामा उही जनशक्ति राखेमा कार्यालयले अमान्य गर्नुपर्नेमा सो गरेको पाइएन । ५ शैयाको आधारभुत अस्पताल निर्माणका लागि बोलपत्रदाता श्री खानी एपेक्स कुँवर जे. भी. ले Evaluation and Qualification Criteria मा निम्मानुसारका आवश्यक जनशक्ति राखी मिति २०७८ असोज ५ गते गाँउपालिकासँग ठेक्का सम्झौता गरेकोमा सोही जनशक्ति नै राखी श्री खानी एपेक्स मिशन जे. भी.ले गाँउपालिकाको प्रशासनिक भवन निर्माणको ठेक्का मिति २०७८ मंसीर २३ गते सम्झौता गरेको पाइयो । यो वर्ष देखि ३ वर्षसम्म निर्माण कार्य संचालन हुने ठेक्कामा जनशक्ति दोहोरो राख्ने श्री खानी एपेक्स मिशन जे. भी.लाई जनशक्ति तर्फ अयोग्य ठहर गर्नुपर्नेमा सो गरेको पाइएन । एकै जनशक्ति एक भन्दा बढी निर्माण काममा लगाउन नमिल्ने स्थितीमा पनि बोलपत्र स्वीकार गर्नेलाई जिम्मेवार बनाई तोकिए अनुसारका योग्य जनशक्ति कार्यस्थलमा रहनुपर्ने व्यवस्था अनिवार्य पालना गराउनुपर्दछ ।
<table>
<tr><th>S. No.</th><th>Personnel</th><th>Khani Apex Mission JV</th><th>Khani apex Kunwar JV</th></tr>
<tr><td>1</td><td>Architect</td><td>Buddha Shrestha</td><td>Buddha Shrestha</td></tr>
<tr><td>2</td><td>Civil Engineer</td><td>Kiran Rijal</td><td>Kiran Rijal</td></tr>
<tr><td>3</td><td>Electrical Engineer</td><td>Sujan Kafle</td><td>Sujan Kafle</td></tr>
<tr><td>4</td><td>Lab Technician</td><td>Yogesh Khanal</td><td>Yogesh Khanal</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६			**कार्यालय भवनः (ठेक्का नम्बर २०७७।७८-०९)** गाउँपालिकाले कार्यालय भवन निर्माणको लागि बिगत वर्ष देखिनै निर्माण कार्य गरिरहेको छ । बजेट अभावका कारण जुन आर्थिक वर्षमा जति बजेट हुन्छ सोहि अनुसारको लागत अनुमान तयार गरि ठेक्का गर्ने र निर्माण कार्य गर्ने गरेको देखियो । २०७७।११।११ मा ठेक्का नम्बर २०७७।७८-०९ को सम्झौता भएको यस निर्माण कार्यको लागि निर्माण व्यवसायीले रु ९४७७३६२.०० का कबोल गरेको छ । निर्माण कार्यको निर्माण सम्पन्न हुन नसकेको कारण मिति २०७८।०४।१० सम्म म्याद थप भएको छ र सम्झौता अनुसारको निर्माण सम्पन्न जनाई हाल सम्म रु ९३४३४५२.४४ भुक्तानी भएको छ । निर्माण कार्य वापत यस वर्ष मात्र रु ४२९४०३१.४४ भुक्तानी भएकोमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन ।	
४६.१			**बिड डकुमेन्ट पेश नभएकोः** निर्माण कायको लागि तयार गरिएको बिड डकुमेन्ट लेखापरीक्षणमा पेश हुन सकेन ।लेखापरीक्षणका क्रममा बिड डकुमेन्ट पेश नभएका कारण सम्झौताका शर्तहरु, Evaluation and Qualification Criteria मा गरिएको व्यवस्था, निर्माण कार्यको BOQ का आईटमहरुको सम्बन्धमा एकिन हुन सकिएन । निर्माण व्यवसायीसँग सम्झौता गर्दा समेत सोहि बिड डकुमेन्टका आधारमा गर्नु पर्नेमा एउटा पानाको सम्झौता गरि निर्माण सम्पन्न अवधि समेत खुलाएको पाईएन । निर्माण कार्यवापत भुक्तानी गर्दको बिल बाहेक अन्य कागजात उपलब्ध नभएका कारण निर्माण कार्य सम्बन्धमा बिस्वस्थ हुन सकिएन ।	
४६.२			**कार्यसम्पादन जमानतको म्याद थप नगरेकोः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा निर्माण कार्य सुरु गर्नु भन्दा अगाडी कार्यसम्पादन जमानत पेश गर्नु पर्ने र सो को रकम सम्बन्धी व्यवस्था गरेको छ । सधाहरण तया कार्यसम्पादन जमानतको म्याद निर्माण कार्यको म्याद भन्दा १३ महिना बढि अवधिको हुनु पर्ने व्यवस्था गरेको छ ।पालिकाको कार्यालय भवनको निर्माण कार्यको म्याद मिति २०७८।०४।१० सम्म थप भएकोमा कार्यसम्पादन जमाजनको म्याद सो भन्दा १३ महिना बढि अथवा २०७९।०५।१० सम्म हुनु पर्नेमा पालिकाले लेखापरीक्षणका क्रममा पेश गरेको कार्य सम्पादन जमानत अनुसार सो को अवधि ई.स. २०२१।०८।२१ अर्थात मिति २०७८।०५।०५ सम्म मात्र म्याद रहेको देखियो । सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार म्याद हुनु पर्नेमा सो अनुसार म्याद नभएको र निर्माण व्यवसायीले कार्य सम्पन्न गरेको अवधिको १३ महिना समेत बिति सकेको अवस्थामा सो कार्य सम्पादन जमानतको म्याद थप गरेको पाईएन । निर्माण कार्यको त्रुटि सच्याउने अवधि सम्म पुग्ने गरि कार्य सम्पादन जमानत राख्दा सो अवधिमा निर्मित संरचनामा त्रुटि आउमा मर्मत गर्न सहज हुने उद्देश्यले सो अवधि सम्म कार्य सम्पादन जमानतको म्याद हुनु पर्नेमा सो गरेको पाईएन । पालिकाले सम्झौता र म्याद थप गर्दा कार्य सम्पादन जमानतको म्याद समेत थप गर्ने तर्फ ध्यान जानु पर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६.३			**बिमा नगराएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नयम ११२ मा दश लाख भन्दा माथिको निर्माण कार्यको बीमा गराउनु पर्ने उल्लेख छ । निर्माण कार्यको म्याद मा १२ महिना थप अवधि सम्मको बीमा गरानु पर्नेमा पालिकाले सो नगराई निर्माण व्यवसायीलाई रु ५००००.०० बीमा वापत भुक्तानी गरेको पाईयो । निर्माण अवधिमा कुनै क्षति भएमा सो को क्षतिपूर्ति वापत सुरक्षाका लागि बीमा गराउनु पर्नेमा सो नगराई निर्माण व्यवसायी कलम कन्सट्रक्सनलाई बीमा गराएको भनि रु ५००००.०० भुक्तानी दिएको हुदा बीमा नगराई भुक्तानी भएको रकम असुल हुनु पर्ने रु	५०,०००
४६.४			**रिटेन्सन कट्टिः** १/२०७८-१०-१७, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (४) अनुसार रनिङ्ग बिल वा अन्य बिलको रकम भुक्तानी गर्दा रिटेन्सन मनि वापत पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था गरेको छ । कमल कन्स्ट्रक्शनलाई गत वर्षको रकम रु. १०,८८,८३१.०० भुक्तानी गर्दा रिटेन्सन वापत ५ प्रतिशत रकम रु. ५५,४४१.५५ कट्टा नगरेको रु.	५५,४४१.५५
४७			**५ शैया अस्पताल भवन निर्माणः** अस्पताल भवन निर्माणमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन ।	
४७.१			**क्रेडिट लाइन —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०क तथा ठेक्कासम्झौताको शर्त बमोजिम रु. ३,६०,००,०००.०० को Letter of Credit पेश गर्नुपर्ने व्यवस्था गरे तापनि सोबमोजिम निर्माण व्यवसायी खानी एपेक्स कुँवर जे. भी. ले लेटर अफ क्रेडिट पेश नगरी नै सम्झौता गरेको हुँदा सो पेश गर्न लगाउनुपर्ने रु.	३६,०००,०००
४७.२			**घटी पेश्की फर्छ्यौंट-** ठेक्का सम्झौताको विशेष शर्तमा सम्झौता रकमको ३० प्रतिशत भन्दा बढी रकमको भुक्तानी गर्दा पेश्कीको ४० प्रतिशत रकम फर्छ्यौट गर्नुपर्ने रहेकोमा कार्यालयले दोस्रो रनिङ्ग बिलसम्म ३४ प्रतिशत भन्दा बढीको बिलमा श्री खानी एपेक्स कुँवर जे. भी. ले लिएको पेश्की रकम रु. १,७५,९७,७३१.०० को कम्तीमा ४० प्रतिशतले रु. ७०,३९,०९२.४० पेश्की फर्छ्यौट गर्नुपर्नेमा भौ. नं. ५ र ९ बाट रु. ४५,००,०००.०० मात्र पेश्की फर्छ्यौट गरेको हुँदा घटी पेश्की रकम रु. २५,३९,०९२.४० फिर्ता लिई अविलम्ब फर्छ्यौट गर्नुपर्ने रु.	२,५३९,०९२.४
४७.३			**योग्यताका आधार सुनिश्चित नगरेको-** निर्माण व्यवसायी श्री खानी एपेक्स कुँवर जे. भी.ले प्रहरी प्रधान कार्यालयको मिति २०७८०१/०२ को पत्रानुसार खानी निर्माण सेवा प्रा. लि. ले Contract ID- NCB/PHQ/REG/207-075/05 मा Construction	१३,०९७,७३१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			of Barrack Block at Motor and Transport Division कार्य २०७६/०५/०५ भित्र सम्पन्न गर्ने गरी २०७५/०५/०७ मा सम्झौता गरेको भए पनि २०७८/०१/०२ मा प्रहरी प्रधान कार्यालयले जारी गरेको पत्रमा सो कार्य सोही मितिमा सम्पन्न गरेको भनि उल्लेख नगरेको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(९) अनुसार कार्य सम्पन्न प्रमाण पत्र पेश नभएको स्थितिमा कार्यालयले सो कार्य यथार्थमा एकै वर्ष भित्र कार्य सम्पन्न गरेको सुनिश्चित गरेको पाइएन । साथै,अन्य कार्य अनुभवका हकमा पनि एक आर्थिक वर्ष भित्र कार्य गरेको अनुभव सुनिश्चित नै नगरी योग्य ठहर गरी ठेक्का सम्झौता गरी रु. १,३०,९७,७३१.०० पेश्की बाँकी रहेको हुँदा सो पेश्की दिन मिल्ने योग्यताको आधार पेस गर्नुपर्ने रु.	
४७.४			**संयुक्त उपक्रमले अख्तियारी दिएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ (७क) बमोजिम निर्माण कार्यमा संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बाट कार्य सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने र त्यस्तो कार्यको जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य वा सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न नपाइने व्यवस्था छ । ५ शैया आधारभुत अस्पतालका ठेकदार श्री खानी एपेक्स कुँवर जे. भी. ले श्री मोहन अधिकारीलाई अख्तियारी दिएको छ। अख्तियारी प्राप्त मोहन अधिकारीले जे.भी.सँग असम्बन्धित श्री ईन्द्र कुमार गुरागाईलाई पुनः अख्तियारी दिएको छ । निजलाई नै कार्यालयको भवन निर्माण कार्यका लागि पनि श्री खानी एपेक्स मिसन जे. भी. ले अख्तियारी दिएको छ । दुई कार्यमा एकै व्यक्तिलाई काम तोक्न मिल्दैन । यसबाट संयुक्त उपक्रमका कुनै साझेदारको उपस्थिती भएको देखिँदैन । कार्यालयबाट निर्माणाधिन रहेका निर्माण कार्यको ठेक्का संयुक्त उपक्रमका सबै सहभागी पक्षहरू निर्माण कार्यमा संलग्न नहुने, निर्माण स्थलमा उपस्थित नहुने, निर्माण कार्यको नापी किताबमा हस्ताक्षर नगर्ने अवस्था रहेको छ । सबकन्ट्र्याक्ट पनि नदेखाएको अवस्थामा सो अख्तियारी कानूनसम्मत नरहेको हुँदा सोलाई कार्यालयले मान्यता नदिई आधिकारिक संयुक्त उपक्रमका साझेदारको उपस्थितीमा निर्माण कार्य गरिनुपर्दछ । सो अख्तियारी प्रशासनिक कार्यको प्रयोजनका लागि मात्र दिन मिल्ने र निर्माण कार्यको जिम्मेवारीको हकमा नियमावलीको नियम २८(७क) बमोजिम हस्तान्तरण गर्न मिल्दैन । योजना कार्यालयले ठेक्कामा प्रतिष्पर्धी हुन तोकेको कार्य अनुभव, वित्तीय कारोबार, ठेक क्षमतामा योग्य ठहरिएका संयुक्त उपक्रमको वित्तीय प्रस्तावको मूल्यांकन गरिने हुँदा ठेक्का सम्झौता पश्चात संयुक्त उपक्रमका कुनै एक पक्ष मात्र निर्माण कार्यमा सहभागी हुने गरेको कारण निर्माण कार्यका लागि योग्य हुन तोकिएको क्षमता, अनुभव र तिनको संलग्नता पर्याप्त अवधि नरहनाले निर्माण कार्य समयमा संचालन नहुने र गुणस्तरमा आँच आइरहेको अवस्था छ । संयुक्त उपक्रमका निर्माण कार्यको जिम्मेवारी हस्तान्तरण गर्न नमिल्ने हुँदा श्री ईन्द्र कुमार गुरागाईलाई	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			दिएको अख्तियारी अमान्य गरी संयुक्त उपक्रमका सबै पक्षको निर्माण कार्यमा अनिवार्य सहभागिता हुने र निर्माण कार्यको नापी परिमाणमा सबै पक्षको हस्ताक्षर बेगर ठेक्का रकम भुक्तानी नदिने व्यवस्था गर्नुपर्दछ।	
४७.५			**डिजाइन अमिल्दो निर्माण** – भवनको डिजाइन र सपेसिफिकेशन अनुसार निर्माण व्यवसायीले भवनको निर्माण गर्नुपर्दछ । ५ शैयाको आधारभुत अस्पताल भँनको निर्माण गर्ने निर्माण व्यवसायी श्री खानी एपेक्स कुँवर जे. भी.ले डाँडा तर्फको फुटिङ्ग र सोमा निर्माण गरेको पिलर (Column) को Alignment सीधा नहुँदा Plinth Level बाङ्गोटिङ्गो रहेको पाइयो । यसबाट बिल्डिङ्गको Load Bearing Capacity मा असर पर्ने हुँदा प्राबिधिक जाँच गरी सो गलत निर्माणलाई भवनको डिजाइन र स्पेशिफिकेशन बमोजिम सुधार गरेर मात्र निर्माण कार्य अगाडि अविलम्व बढाउन र गलत निर्माण सुधार पश्चात मात्र खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ । 	
४७.६			**बढी भुक्तानी —** निर्माण कार्यको डिजाईन र स्पेशिफिकेशन बमोजिम काम गर्नुपर्दछ । स्पेशिफिकेशन बमोजिम तोकिएको विधिबमोजिम काम नगरेको अवस्थामा निर्माण व्यवसायीलाई नपरेको लागतको रकम भुक्तानी गर्न मिल्दैन । निम्न बि. ओ. क्यू. आईटमहरूमा दोस्रो रनिङ्ग बिलसम्म श्री खानी एपेक्स कुँवर जे. भी.ले स्पेशिफिकेशन अनुसार कार्य नगरेको अवस्थामा र थप लागत नपर्ने अवस्थामा तोकिएको दर अनुसार भुक्तानी गर्न नमिल्ने हुँदा निम्नानुसार बढी भुक्तानी गरेको रकम छानबिन गरी बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.	३,७७६,२२४.२९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

बि.ओ.क्यू आइटम	परिमाण	भुक्तानी दर रु.	कायम गर्नुपर्ने दर	बढी भुक्तानी रु.
Earthwork Excavation	१६०९.५६ घ.मी.	५५४.०७	मेशिन प्रयोग गरेको हुँदा मेशिनको दर प्रति घ.मी. रु.५५.६५ रहेको हुँदा म्यानुअल दरमा भुक्तानी गर्न नमिल्ने	८०२२३६.८९
Backfilling with excavated materials	४१०३.४३ घ.मी.	३८७.०९	एकै चेनेज/स्थानमा मेशिनबाट ५८९०.६३ घ.मी. माटो कटिङ्ग गर्ने र सोलाई सोही स्थानमा नै फिलिङ्ग गरेको अवस्थामा भुक्तानीका लागि दोहोरो नापी गर्न नमिल्ने ।	१५,८८,३९४.७८
Disposal of excess excavated material 1 km far from the site	3304.३८ घ. मी.	४१८९.३२	निर्माण स्थलबाट १ कि.मी. टाढा बढी उत्खनन पदार्थ डिस्पोज गर्नुपर्नेमा निर्माण स्थलका छेउमा नै उत्खनित पदार्थ डिस्पोज गरेको हुँदा सो भुक्तानी गर्न नमिल्ने ।	१३,८५,५९२.६२
जम्मा				३७,७६,२२४.२९

४७.७			**मूल्यवृद्धि-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (१) अनुसार खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न सक्ने व्यवस्था छ ।ठेक्काको शर्तमा मूल्य समायोजन दिन सकिने व्यवस्था गरेतापनि बी.ओ.क्यु. अनुसारका आइटममा रहेका मुल्य संरचना श्रम, निर्माण सामाग्री र यान्त्रिक उपकरणको प्रयोगका आधारमा कोफिसियन्टस्को रेन्ज राख्नुपर्नेमा कार्यालयले सोको विश्लेषण नगरी नै रेन्ज तोकेको पाइयो । बोलपत्रदाता श्री खानी एपेक्स कुँवर जे. भी. ले श्रममा ०.१३, निर्माण सामाग्रीमा	१,३०८,९०७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			०.६९ र यान्त्रिक उपकरणमा ०.०३ कोफिसियन्ट तोकेको छ । यसरी निर्माण सामाग्रीमा ०.६९ कोफिसियन्ट हुने प्राबिधिक आधार नहुँदा पनि वार्ताबाट नयाँ कोफिसियन्टस् तय गरेको पाइएन ।यसले गर्दा श्रम र यान्त्रिक उपकरणको भाडाको तुलनामा निर्माण सामाग्रीको मूल्य सूचकांकको वृद्धि अनुपात बढी हुने हुँदा मूल्य संरचना अनुसार पर्ने लागत भन्दा बढी मूल्य समायोजन हुने स्थिती रहेको छ ।भौचर नं. १५/२०७९-३-१९ बाट मुल्य वृद्धि फ्याक्टर १.१९ देखाई रु. १३,०८,९०७.०० को मूल्य समायोजन गरेको छ। ठेक्काको मूल्य समायोजन सम्बन्धी शर्तमा "The prices shall be adjusted for fluctuations in the cost of inputs only if provided for in the SCC" रहेको आधारमा मुल्य संरचना अनुसार लागेको ईन्पुट्स (श्रम, सामाग्री, यान्त्रिक उपकरण) का आधारमा मूल्य वृद्धि फ्याक्टर गणना गर्नुपर्नेमा एकमुष्ट दरमा फ्याक्टर गणना गरी मूल्य वृद्धि समायोजन गर्न मिल्दैन । साथै, भेरियशन गर्दा वार्ताबाट नयाँ दर कायम भएको हुँदा सोको मुल्य रु. ६४७५३०२.०० मा मूल्य सूचकांकको आधार बोलपत्र जारी गर्दाको बखत राख्न नमिल्नेमा सोलाई पनि समाबेश गरेको र कार्य सम्पन्नको ३० दिन अघिको सूचकांक राख्नुपर्नेमा अघिल्लो बिल रकमको पनि पछिल्लो सूचकांक राखेको पाइएको हुँदा मूल्य वृद्धि गणना यथार्थ नरहेको तथा मूल्य संरचनानुसार श्रम, सामाग्री र यन्त्र उपकरणको कोफिसियन्टस् तय गरी मूल्य प्रभावित भएको ईन्पुट्स अनुसार फ्याक्टर गणना गरी मूल्य समायोजन नगरी भुक्तानी दिएको हुँदा सो रकम फिर्ता गरी समायोजन गर्नुपर्ने रु.	
४७.८			**कन्टिन्जेन्सी रकमबाट मोटरसाईकल खरिदः** निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित वर्क चार्ज स्टाफ खर्च र सानातिना अन्य खर्चका लागि कन्टिन्जेन्सीको सीमामा खर्च गर्न मिल्छ । ५ शैयाको आधारभुत अस्पताल भवनको बजेटबाट कन्टिन्जेन्सी शीर्षकबाट सवारी साधन खरिद गर्न नमिल्नेमा निम्न भौचरबाट कार्यालयले मोक्तान अटो पार्टसबाट कन्टिन्जेन्सीबाट ३-थान मोटरसाईकल रु. ७९३५००.०० मा खरिद गरेको मनासिब देखिएन। यसबाट खरिद गरेको सम्बन्धमा स्पष्ट गरी अमिल्दो कार्यमा खर्च गर्ने कार्य बन्द गर्नुपर्दछ ।	

भौचर नं./मिति	मोटरसाइकल	परिमाण	कुल रकम रु.
१३/२०७९-३-११	यामाहा- १४९ सि.सि.	१	२६४५००.
१७/२०७९-३-२०	यामाहा- १४९ सि.सि.	२	५२९०००.
	जम्मा		७,९३,५००.००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७.९</td><td></td><td></td><td>

ठेक्का शर्त - सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा खरिद प्रक्रियामा प्रतिष्पर्धा, स्वच्छता, जवाफदेहिता र विश्वसनीयता प्रबर्द्दन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट सार्वजनिक खरिद गर्नुपर्ने उल्लेख छ । सो ऐनको दफा ९ अनुसार योग्य बोलपत्रदातालाई बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । Contracts of Similar Size and Nature अन्तर्गत निर्माण कार्यको प्रकृति अनुसारको समानता कायम हुने शर्त तथा Construction experiences in Key Activities मा निर्माण कार्यको प्राबिधिक जटिलताका आधारमा आवश्यक कार्य अनुभवका शर्त राख्नुपर्दछ । तर प्राबिधिक जटिलता नरहेकोमा प्रतिष्पर्धा संकुचित गर्ने गरी औचित्य नरहेका शर्त राख्न हुँदैन । तर कार्यालयले ५ शैयाको आधारभुत अस्पताल भवन निर्माणका लागि ठेक्का आव्हान गरिसकेपछि बिड डकुमेण्टको Evaluation and Qualification Criteria मा प्राबिधिक औचित्य पुष्ट्याई नगरी प्रतिष्पर्धा सीमित गर्ने गरी र कुनै पक्षलाई अनुकूल हुने गरी Similar size and nature तथा Experiences in key activities का शर्तमा संशोधन गरेको पाइयो ।Similar Size and Nature मा रु. १० करोडको भवन निर्माणको अनुभवबाट रु. ७ करोड ५० लाखको पहाडी क्षेत्रमा एक सरकारी भवन एकै वर्षमा निर्माण सम्पन्न गरेको हुनुपर्ने तथा Anti-Bacterial Coating 3000 sq.m. जस्ता शर्त थप गरेको पाइयो । भवन निर्माण गर्न पहाडी क्षेत्रमा १ वर्ष भित्रै सरकारी भवन नै निर्माण गरेको भनि संकुचित र निर्माण कार्य गर्न अपरिहार्य नरहेको शर्त राखी प्रतिष्पर्धालाई सीमित गरेको पाइयो ।

<table>
<tr><th>Sl. No.</th><th>Relevant Clause No / Name</th><th>Existing Clause</th><th>Modified Clause</th></tr>
<tr><td>1</td><td>Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years</td><td>70% of total estimated amount of Project</td><td>65% of total estimated amount of Project</td></tr>
<tr><td rowspan="4">2</td><td rowspan="4">Minimum Work experience of similar size and nature</td><td rowspan="4">at least bidders have a experience in construction of Similar Kind of Buildings and have a cost of NRs. 10,00,00,000 .00</td><td>Participate as contractor, Subcontractor at least in one building project in hilly region of NRs.7,50,000.00 which has been complete with in a single year.</td></tr>
<tr><td>The Similar Nature of Building Should contain 365 cum of masonry Works</td></tr>
<tr><td>PCC in RCC 155 Cu. M. Quantity</td></tr>
<tr><td>TMT Bar 140 MT</td></tr>
</table>

</td><td>•</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			Anti-Bacterial Coating 3000 sqm • सो शर्त राख्नुपर्नाका प्राबिधिक कारण र औचित्य पनि पुष्टि गरेको पाइएन । यसले गर्दा बोलपत्रमा सहभागी ४ बोलपत्रदाता मध्ये अन्य ३ बोलपत्रदातालाई हिमदुंग एण्ड थोकर पाथीभरा जे.भी., ओम साईराम/ एस ए एस जे. भी. र खनाल देवीडाँडा जे. भी. लाई एकै आर्थिक वर्षमा पहाडी क्षेत्रमा सरकारी भवन निर्माण गरेको अनुभव नरहेको भनि अयोग्य ठहर गरेको पाइयो । सरकारी भवन एकै वर्ष भित्र पहाडी क्षेत्रमा निर्माण गरेको अनुभवका अतिरिक्त बोलपत्रदातालाई सीमित गर्न Anti-Bacterial Coating 3000 sqm को शर्त समेत राख्नाले सोमा पनि ओम साईराम/ एस ए एस जे. भी. र खनाल देवीडाँडा जे. भी. अयोग्य ठहर गरेको पाइयो । एक मात्र बोलपत्रदाता खानी एपेक्स कुँवर जे. भी. लाई योग्य ठहर्याएको पाइयो । निर्माण कार्यको समान प्रकृतिसँग बेमेल हुने गरी अस्वाभाविक शर्त राख्नाका कारण प्रतिष्पर्धा सीमित गर्नाले एक मात्र बोलपत्रदाता खानी एपेक्स कुँवर जे. भी. लाई योग्य ठहर्याएको पाइयो । सो जे.भी.सँग लागत अनुमान भन्दा ०.९९ प्रतिशत घटी रकम रु. १०,७८,३७,४५९.८६ मा ३ वर्ष भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८ असोज ५ गतेमा सम्झौता गरेको पाइयो । जनशक्ति र मेशिनरीको आवश्यकतालाई हेर्दा निर्माण कार्य विशेष प्रकृतिको र जटिल रहेको पुष्टी हुँदैन ।कार्यालय भवनको निर्माण अवधि ३ वर्ष सम्झौतामा राख्ने तर कार्य अनुभवका हकमा रु. ७ करोड ५० लाखको सरकारी कार्यालयको भवन १ वर्ष भित्र पहाडी क्षेत्रमा निर्माण सम्पन्न गरेको हुनुपर्ने शर्त राख्नाले प्रतिष्पर्धालाई सीमित गर्न मिलोमतो गरेको अवस्था प्रष्टिन्छ । अस्वाभाविक र असान्दर्भिक शर्त नराखी स्वच्छ प्रतिष्पर्धा भएका अन्य ठेक्काहरूमा लागत अनुमान भन्दा ५५ प्रतिशतसम्म घटीमा ठेक्का बन्दोबस्त भएको स्थितीमा कार्यालयबाट ठेक्कामा प्रतिष्पर्धालाई सीमित गर्ने गरी प्राबिधिक कारण र औचित्य बेगर समान प्रकृतिका नाममा अमिल्दो शर्त राखेको बारे छानबिन गरी सार्वजनिक खरिद कार्य मितव्ययी, विवेकपूर्ण र जवाफदेहीपूर्ण नबनाउने जिम्मेवार पदाधिकारीलाई नियमानुसार जवाफदेही बनाई स्पष्ट गर्नुपर्दछ ।	
४८			**कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) बमोजिम निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको कार्य सम्पादन जमानतको अवधि कायम हुनुपर्दछ । निम्नानुसार ठेक्काहरूमा सो नियममा	५,८४३,९५८.३९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तोकेको अवधि भन्दा कम अवधिको कार्य सम्पादन जमानत रु. ५८,४३,९५८.३९ रहेको हुँदा जमानतको अवधि थप गर्न लगाई जमानतको रकम नियमित गर्नुपर्ने रु.	

ठेक्का	निर्माण व्यवसायी	कार्यसम्पादन रकम	का.स. जमानतको हुनुपर्ने अवधि	का.स. जमानतको रहेको अवधि
सेपेनी तङलेपा मा.लेबुङ लसुने जलजले रोड	जय माँ पाथीभरा निर्माण सेवा	१७९३४४.	०२/१६/२०८०	१२/२२/२०७९
मच्छबुङ हेवाखओला लुङबादिन सडक मर्मत	पाथीभरा निर्माण सेवा	८३०५७३.	०१/३०/२०८०	११/२१/२०७९
लुङबादिन डंफु भैसे सुर्केथाम सडक मर्मत	हेवा भगवती कन्स्ट्रक्शन & सप्लायर्स प्रा. लि.	३४९७२२९.३९	०४/१५/२०८०	०२/१६/२०८०
पानाबा झर्णा खओलाघारी लाम्पोखरी तिनसिमाना सडक मर्मत	पाथीभरा निर्माण सेवा	१०३५०००.	०४/१६/२०८०	०३/२५/२०८०
वार्ड कार्यालय १,२,३ र ८ को भवन मर्मत	मन्दिशा & एम एस डि कन्स्ट्रक्शन	३०१८१२.	०२/१३/२०८०	०२/०८/२०८०
जम्मा		५८,४३,९५८.३९		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९			**कन्टिन्जेन्सीः** निर्माण कार्यका लागि निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित लागत अनुमानको २ प्रतिशत वर्क चार्ज स्टाफमा र २ प्रतिशत सानातिना कार्यका लागि खर्च गर्न मिल्ने व्यवस्था छ । कन्टिन्जेन्सी रकम खर्च गर्दा कुन निर्माण कार्यसँग सम्बन्धित खर्च हो	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सो प्रष्ट हुने गरी योजनागत छुट्टै अभिलेख राख्नुपर्नेमा कार्यालयले राख्ने गरेको पाइएन। यसले गर्दा कन्टिन्जेन्सी रकमको सीमा नाघे ननाघेको र सम्बन्धित खर्च रहे नरहेको यकिन गर्न सकिएन । निर्माण कार्यका योजनागत कन्टन्जेन्सी रकमको अभिलेख राखी योजनासँग सम्बन्धित कार्यमा मात्र कन्टिन्जेन्सीको सीमा भित्र रही आवश्यकतानुसार खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।	
५०			**नपाउने पेश्की-** पेश्की रकम भुक्तानी गर्दा सम्झौताको शर्त अनुसार भुक्तानी गर्नु पर्दछ । ५ शैया अस्पताल भवन निर्माणको लागि निर्माण व्यवसायी खानी।एपेक्स।कुंवर जे.भी. (भ्याट दर्ता नं ६१६७३७४१५) र यस पालिका बिच भएको सम्झौतामा कवोल रकमको २० प्रतिशत सम्म पेश्की भुक्तानी गर्न सकिने र सो रकम दुई बराबर किस्तामा भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले गाउँपालिका पूजिगत खर्च शिर्षकको गो.भौ.नं २२ बाट निर्माण व्यवसायीलाई रु ५० लाख पेश्की भुक्तानी गरेको र सो शिर्षकाट भुक्तानी भएको रकम एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम बाट सोधभर्ना गरेको छ । निर्माण व्यवसायीलाई अस्पताल भवन निर्माण वापत सम्झौता अनुसार पेश्की भुक्तानी गरि आर्थिक वर्षको अन्तमा रु १३०९७७३१.०० पेश्की फस्यौंट गर्न बाँकी रहेको छ । निर्माण व्यवसायी खानी।एपेक्स।कुंवर जे.भी. (भ्याट दर्ता नं ६१६७३७४१५) लाई पुनः स्थानीय तह प्रशासनिक भवन पुर्वाधार विकास कार्यक्रम (३६५०११११४) को गो. भौ.नं ३/ २०७८।१०।१७ बाट समेत रु ४९११६९.०० पेश्की भुक्तानी गरेको देखियो । अस्पताल भवन निर्माण गर्न सम्झौता गरेको निर्माण व्यवसायीलाई प्रशासनिक भवन पुर्वाधार विकास कार्यक्रमबाट पेश्की दिनु उचित देखिएन । निर्माण व्यवसायीले सम्झौतामा उल्लेख भएको भन्दा बढी रु ४९११६९.०० को पेश्की भुक्तानी भएको दिन देखी फस्यौंट हुने दिन सम्मको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) अनुसार सयकडा दश प्रतिशतले ब्याज समेत असुल गरि पेश्की फस्यौंट गर्नु पर्ने रु	४,९११,१६९
५१			**मचछेबुङ्ग हेवाखओला लुङबादिन सडक मर्मत —** सडक मर्मतको कार्य ४ महिना भित्र सम्पन्न गर्न लागत अनुमानको ६४.४२ प्रतिशथ घटेर कबोल गर्ने निर्माण व्यवसायी श्री पाथीभरा निर्माण सेवा, फिदिमसँग कार्यालयले २०७८ मंसिर २७ गते ठेक्का सम्झौता गरेको पाइयो । निर्माण व्यवसायीले बी.ओ.क्यू.को लागत अनुमान रु. २४८.७५ भन्दा घटी कबोल दर रु. १५.०० रहेको पेभमेन्ट (१०-२० से.मी. मोटाई) आइटमको ७६५० बर्गमीटर कार्य नगरी नै ठेक्काको अन्त गरेको पाइयो । ठेक्का कार्यको डिजाईन र कार्यादेश अनुसार तोकिएको काम नगर्दा ठेक्का फरफारक गर्न नमिल्नेमा सो गर्ने पदाधीकारीलाई जवाफदेही बनाई ठेक्काको बाँकी काम गराउने र र सो कार्य नगर्ने भएमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम कार्य सम्पादन जमानत रु. १८,२०,५७३.०० जफत गरी कानूनी कारवाही गर्नुपर्ने रु.	१,८२०,५७३

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td></td><td></td><td>बेरुजु लगत तथा फछ्र्यौटः यस पालिकाको बेरुजु अभिलेख अनुसार आर्थिक वर्ष २०७७।७८ सम्मको कुल बेरुजु रु. ७ करोड ८२ लाख ९८ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ वमोजिम कार्यालयले बेरुजु फछ्र्यौट गरी सम्परीक्षणका लागि अनुरोध गरेको देहाय अनुसारको रु. १३ लाख ९ हजार ४७० पेश भएकोमा तपसिल बमोजिमको रु. ६ लाख ९ हजार ४७० वेरुजु सम्परीक्षण गरिएको छ । उक्त बेरुजूको लगत कट्टा गरी कार्यालयबाट जानकारी गराइने छ । बाँकी बेरुजुको नियमानुसार असुल फछ्र्यौटको कारबाही गर्नुपर्छ ।
<table>
<tr><td>आर्थिक वर्ष</td><td>बेरुजूको दफा</td><td>बेरुजू फर्स्यौटको विवरण</td><td>रकम रु</td></tr>
<tr><td>२०७६।७७</td><td>४५</td><td>जनकल्याण फार्मेसीको बिजक पेश भएको</td><td>४९९८१०</td></tr>
<tr><td>२०७६।७७</td><td>४५</td><td>जग्गा विकास सम्बन्धी भुक्तानीको बिल भरपाई पेश</td><td>१०९६६०</td></tr>
<tr><td>२०७६।७७</td><td>७८</td><td>रु ७००००० लाख सुरज कुमार पासवानको पेश्की फर्स्यौट भई महालेखापरीक्षकको कार्यालयको प्रदेश नं १ लेखापरीक्षण निर्देशनालयको च.नं. ३१० मिति २०७८।०८।१५ मा बेरुजू प्रतिकृयाबाट हटाईएको जानकारी दिईएको हुदा पुनः सम्परीक्षण गरि रहनु नपर्ने ।</td><td>-</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>६०९४७०</td></tr>
</table>
</td><td></td></tr>
</table>